बुद्धको सँस्कृति र महत्त्व



९४.३६
अ३८ बु

लेखक :
भिक्षु अश्वघोष

धर्मकीर्ति प्रकाशन
(नेपाली भाषा)

१. बौद्ध दर्शन
२. पञ्चशील
३. शान्ति
४. नारी हृदय
५. पटाचार स्थविर चरित्र
६. बुद्ध शासनको इतिहास (भाग-१)
७. नेपाली ज्ञानमाला
८. बुद्ध र वहाँको विचार
९. बौद्ध ध्यान
१०. लक्ष्मी (प्र.सं.)
११. उखानको कथा संग्रह
१२. बौद्ध जगतमा स्वास्थ्य सेवा
१३. वेस्सन्तर जातक
१४. सतिपट्ठान भावना
१५. बौद्ध विश्वास (भाग-१)
१६. बौद्ध विश्वास (भाग-२)
१७. बौद्ध दर्पण
१८. महासतिपट्ठान विपस्सना अन्तर्मुखी ध्यान
१९. सप्त रत्न धन
२०. सफलताको रहस्य
२१. धर्म : एक चिन्तन
२२. मानव महामानव
२३. निरोगी
२४. जातक कथा
२५. प्रज्ञा चक्षु
२६. तथागत हृदय
२७. सतिपट्ठान विपस्सना
२८. बौद्ध प्रश्नोत्तर
२९. परित्राण (प्र.सं.)
३०. बुद्ध पुजा विधि र कक्षा संग्रह (प्र.सं.)
३१. मैले बुझेको बुद्ध धर्म
३२. बुद्धको जीवनी र दर्शन
३३. आमा बाबु र छोराछोरी
३४. स्नेही छोरी
३५. परित्तसुत्त (पाली भाषा)
३६. मति राम्रो भए गति राम्रो हुनेछ
३७. बुद्ध र बुद्ध पछि
३८. "बुद्ध र बुद्ध धर्मको संक्षिप्त परिचय" र बुद्धको जन्मभूमि नेपालमा बुद्ध प्रति असहिष्णुता
३९. अ. धम्मवती
४०. बौद्ध ज्ञान
४१. संक्षिप्त बुद्ध जीवनी
४२. मिलिन्द प्रश्न (भाग-१)
४३. मिलिन्द प्रश्न (भाग-२)
४४. श्रमण नारद
४५. मानव स्वभाव
४६. बुद्ध पूजा विधि र कथा संग्रह (द्वि.सं.)
४७. बौद्ध विश्वास (भाग-३)
४८. बुद्धको अन्तिम यात्रा (प्रथम भाग)
४९. लक्ष्मी (द्वि.सं.)
५०. सम्यक शिक्षा
५१. परित्राण (द्वि.सं.)
५२. धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ वर्ष
५३. बुद्ध पुजा विधि कथा संग्रह र परित्राण
५४. बुद्ध पुजा विधि र परित्राण
५५. बुद्ध पुजा विधि
५६. लक्ष्मी (तृ.सं.)
५७. बुद्धको शिक्षात्मक उपदेश
५८. शान्ति मार्ग
५९. पहिलो गुरु को हुन् ?
६०. क्षान्ति र मैत्री (प्र.सं.)
६१. दान पारमिता

Dharmakirti Publication
(English)

1. Buddhist Economic and the Modern World
2. Dharmakirti Vihar Today
3. Dharmakirti Vihar
4. "Dharmakirti in Nut Shell"

बुद्धको सँस्कृति र महत्त्व

स्था:-२०३७

लेखक :

भिक्षु अश्वघोष

सिघः विहार

प्रकाशकः

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

सिघः विहार

काठमाडौं, नेपाल ।

प्रति : १५००

बुद्धसम्वत् २५४४

नेपालसम्वत् ११२१

इस्वीसम्वत् २००१

बिक्रमसम्वत् २०५७

टाइप सेटिङ :

गोबिन्द स्यूमत, रामकृष्ण लामिछाने, सुरेन्द्रकुमार राजथला

मुद्रक :

न्यू नेपाल प्रेस

प्रधान कार्यालय :

नक्साल, नागपोखरी, काठमाडौं

फोन : ४३४८५०, ४३४७५३

फ्याक्स : (९७७-१) ४३३९२९

शाखा कार्यालय :

शुक्रपथ, न्यूरोड, काठमाडौं

फोन : २५९०३२, २५९४५०

फ्याक्स : (९७७-१) २५८६७८

धर्मदान

स्व. चन्द्र दर्शन बज्राचार्य *(स्व. आदर्शन बज्राचार्यको नाती, स्व. वुद्ध दर्शन बज्राचार्य वाउँ तपुली गुरुजुको जेष्ठ सुपुत्र)* को जन्म १९७३।९।६ मा असन त:क्षवहालमा भएको थियो भने उहाँको देहावसान मिति २०५७५।६ का दिन भएको थियो । आफ्ना हजुरवुवा र पिताले झैं उहाँले आयुर्वेदिक चिकित्सा शास्त्रको अध्ययन गर्नुभई वैद्य पेशा अपनाउनु भयो । उहाँले ४० वर्ष सम्म त राजवैद्यको रुपमा जीवन बिताउनु भयो । आफैले आयुर्वेदिक औषधी तयार गरी गरीव दीन दुखी, अनाथ रोगीको सेवा गर्नु उहाँको दिनचर्या हुन्थ्यो । त्यसैले उहाँ असन तक्षवहालको वैद्य बा:, राजबैद्य र जेठा गुरुजुको रुपमा सुपरिचित हुनुहुन्थ्यो ।

भगवान वुद्धको उपदेश अनुसार जीवन यापन गर्नु उहाँको मूख्य उद्देश्य थियो । त्यसैले उहाँले हामीलाई तथागतको चार आर्यसत्यलाई बुझी अष्टाङ्गिकमार्गलाई अपनाउने सल्लाह दिनुहुन्थ्यो । यसरी थुप्रै राम्रा गुणहरूले सम्पन्न भएका उहाँ चन्द्रदर्शन बज्राचार्यको पुण्य स्मृतिमा हामी सपरिवारले पुज्य अश्वघोष महास्थविरद्वारा लिखित "वुद्धको सँस्कृति र महत्त्व" नाम गरेको पुस्तक प्रकाशनको निमित्त आवश्यक आर्थिक सहयोग प्रदान गरी धर्मदान गर्दछौं ।

पूज्य भिक्षु अश्वघोष महास्थविरज्यूवाट आफ्नो अमूल्य समय दिनुभई प्रस्तुत पुस्तक लेखिदिनु भएकोमा उहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।

(भाई) लोकदर्शन - *(वुहारी)* वासन्ती देवी
(छोरा) अशोक - *(वुहारी)* बुनु
(नातिहरू)
सिद्धार्थ दर्शन, सुधन दर्शन, *(नातिनी)* सुजाता -
(छोरी) शारदा -
(भतिजा) रोशन दर्शन - *(वुहारी)* मालती
(नाति) अतिष दर्शन -
(नातिनीहरू) रुजा दर्शन, चारु दर्शन -
(भतिजी) आभादर्शन - *(ज्वाईं)* सूर्य प्रकाश
(नातिहरू) शुभ प्रकाश, वरुण प्रकाश -

मेरो आफ्नै कुरा

सुश्री शारदा बज्राचार्य एकदिन मकहाँ आउनुभई उहाँका स्वर्गिय बुबा चन्द्रदर्शन वज्राचार्यको पुण्य स्मृतिमा बुद्धको शिक्षात्मक र ज्ञानवर्द्धक उपदेशमा आधारित पुस्तक प्रकाशन गर्नको लागि एउटा पुस्तक लेखिदिन अनुरोध गरिन् । थुप्रै कामहरूमा व्यस्त हुनुपरे तापनि उहाँको अनुरोधलाई नकार्न सकिन र पुस्तक लेखें । मेरा विभिन्न लेखहरूको संग्रहको रूपमा बुद्धको सँस्कृति र महत्त्व नाम गरेको पुस्तक तयार पारें। तर पुस्तकको प्रुफ पढ्दा पढ्दै एउटै कुरो पनि दुई तीन ठाउँमा दोहोरिएको भेट्टाएँ। ७४ वर्ष उमेरको बुढो भइसकेको कारणले हो कि, स्मृती क्षीण हुँदै गइरहेको महशूस गरें मैले। यसरी एउटै कुरो प्रशंगवस दोहोरिएकोमा क्षमा प्रार्थी छु।

पुस्तक लेख्दा भाषा शुद्धि कार्यमा वीर्यवतीको सहयोग पाएको हुँदा उहाँलाई धन्यवाद दिंदैछु ।

धर्मकीर्ति विहारकी प्रमुख धम्मवती गुरुमां प्रति पनि आभार व्यक्त गर्दछु । किनभने उहाँ मार्फत मेरा दर्जनौं पुस्तकहरू प्रकाशित भएका छन्। जसले गर्दा मेरो लेखन शक्ति निरन्तर रुपमा बढ्दै गयो।

सुश्री शारदा बज्राचार्यलाई पनि साधुवाद छ । जसको प्रेरणाले नयाँ अनुहारको पुस्तक प्रकाशनार्थ आर्थिक सहयोग उपलब्ध भयो ।

यसको साथै न्यू नेपाल प्रेसलाई पनि धन्यवाद ज्ञापन गर्दैछु । जसले समयमै राम्ररी पुस्तक प्रकाशन गरी सहयोग पुऱ्याउनु भयो ।

– भिक्षु अश्वघोष

प्रकाशकीय

श्रद्धेय अश्वघोष महास्थविरद्वारा लिखित “बुद्धको सँस्कृति र महत्त्व” नाम गरेको पुस्तक आधुनिक युवावर्गलाई उपयोगी र ज्ञानवर्द्धक पुस्तक हो ।

नयाँ ढंगले लिखित यस्तो पुस्तक प्रकाशन गर्न पाउँदा हामीलाई धेरै गौरवको महशूस भएको छ । बुद्धको उपदेशमा आधारित यस प्रकारका दर्जनौं पुस्तकहरू धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले प्रकाशन गर्न सक्नुको प्रमुख कारण नै धर्मकीर्ति विहारका उपासक उपासिकाहरूको तर्फबाट श्रद्धापूर्वक आर्थिक सहयोग प्राप्त भइरहन सकेको कारणले हो । अत: यस पुस्तक प्रकाशनको लागि श्रद्धापूर्वक आर्थिक सहयोग दिनु भएकोमा सुश्री शारदा बज्राचार्यलाई मुरी मुरी धन्यवादका साथै उहाँको दीर्घायु र सुस्वास्थ्य कामना पनि गर्दछु ।

धम्मवती
अध्यक्ष
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

बुद्धको सँस्कृति र महत्त्व

सँस्कृति एक गम्भिर विषय हो । यस विषयमा लेख्न त्यति सजिलो छैन । अझ यो भन्दा कठिन त बुद्धको सँस्कृति विषयमा लेख लेख्नु हो । यस विषयमा थरीथरीका विद्वानहरूको थरीथरीका विचार र परिभाषाहरू छन् । उदाहरणार्थ एउटा घटना प्रस्तुत गर्दैछु ।

श्रीलंकाबाट एकजना विद्वान् ब्यक्ति आउनु भएको थियो । उहाँलाई स्वयम्भू घुमाउन लैजाँदा विष्णुमती नदीतिरको बाटो हुँदै जान पऱ्यो । बिहानी पख भएर होला नदीको छेउछाउमा एक दुईजना ब्यक्तिहरूले मजासँग बसी दिसा गरिरहेका थिए । यो दृश्य के देखेको थियो, त्यस पाहुना महाशयले भनीहाल्यो– तपाइँको नेपालमा प्राचिन या पाषाण युगको सँस्कृति अहिलेसम्म सुरक्षित नै रहेछ । यो कुरो सुनी लाजले केही बोल्न सकिन मैले ।

मैले बुझे अनुसार बुद्धको सँस्कृति-सदाचार, चरित्र शुद्धि र इमान्दारितामा आधारित छ । यसमा जातपात, छुवाछुत, साम्प्रदायिक भावना र पूर्वाग्रह आदिको केही पनि गन्ध छैन । पछि–पछि हुँदै विकृतिहरू पैदा भई हाल यसको साम्प्रदायिक रूपलिन थाल्यो ।

सिद्धार्थ गौतमले बुद्धत्त्व प्राप्त गरिसके पछि कपिलवस्तु स्थित घर घरको दैलोमा उभिई भिक्षाटन जानु भएको देख्दा उहाँका पिता राजा शुद्धोदनले दिक्क मानी

सोध्नु भएको थियो– सिद्धार्थ ! राज सँस्कृतिलाई किन अपमान गरेको ? के तिमीले राज सँस्कृतिलाई बिर्स्यौ ?

अनि गौतम बुद्धले भन्नुभयो– महाराज ! अब मेरो सँस्कृति राज सँस्कृति होइन, श्रमण सँस्कृति हो । यसमा जातिभेद र वर्ण भेद छैन । यो त केवल मानवता र समानताको सँस्कृति हो । श्रमण सँस्कृतिलाई हामीले यसरी बुझ्न सक्छौं– श्रमण शब्द पालि भाषामा सम र सँस्कृतमा श्रम धातुबाट उत्पन्न भएको हो । जसको परिश्रम गर्नु हो अर्थात् आफ्नै प्रयत्नबाट माथिसम्म पुग्नु, आध्यात्मिक उन्नति गर्न समाजलाई सुसँस्कृत गर्न मार्ग प्रदर्शनको लागि त्यागी जीवन बिताई गाउँ गाउँमा धर्म प्रचार गरेर स्वावलम्बी भई सदाचरण र नैतिकताको बलद्वारा आफैं इश्वर बन्न सकिने छ भन्ने खालको सँस्कृति हो ।

तर आजभोली सँस्कृति भन्नाले साधारण रूपमा जातीय चाल-चलन, थितिरीति र विचारधारालाई लिइन्छ । कहिल्यै पनि परिवर्तन नहुने, संधै एउटै रूप लिई स्थायी भइरहने स्वभाव समूहलाई सँस्कृति भनिन्दैन । दयनीय मानवलाई दु:खी जीवनबाट उच्च स्थानमा लैजानुलाई सँस्कृति भन्छन् । साधारण सँस्कृतिमा शिष्टाचार, सभ्यता, नाट्य, संगीत, चित्रकला र शिल्पकला आदिलाई लिइन्छ । तर बुद्धको साँस्कृतिक विचार अनुसार जनजीवन सम्बन्धी विषयलाई लिइन्छ । जन–जीवनसित परिवर्तन हुनु यसको लक्षण हो ।

अब जाऔं, सँस्कृतिको संरक्षणको लागि पूरा गरिनुपर्ने पूर्वाधारहरू तर्फ– यसमा बुद्धले बताउनु भएका बुँदाहरू यसरी छन्–

(१) पौष्टिक आहारको राम्रो व्यवस्था हुनुपर्छ (आहार सप्पाय)

(२) बस्ने ठाउँको राम्रो ब्यवस्था हुनुपर्छ (विहरण सप्पाय)

(३) सरूवा रोगी र झगडालु ब्यक्ति नहुनु (पुग्गल सप्पाय)

(४) मौसम अनुकूल हुनुपर्छ (उतु सप्पाय)

(५) विचारधारा मिल्नु पर्छ (अज्झासय सप्पाय)

उपरोक्त पाँचवटा बुँदाहरू पूरा नभए सँस्कृतिको सँरक्षण हुन गाऱ्हो हुन्छ। पाँचवटा बुँदाहरूमा ठूलो समस्या बिचारधारा नमिल्नु हो। तैपनि सहिष्णुता समन्वय हुन सके बिचारधारा नमिले पनि शान्तपूर्वक बाँच्न सकिन्छ। हाम्रो नेपालमा परस्पर सहिष्णुता विद्यमान रहेको कारणले नै मुश्लिम, हिन्दू र बौद्धहरूमा कुनै भेदभाव र कलह छैन। तैपनि विचार नमिलेमा साम्प्रदायिक झगडा खडा हुनसक्छ र विभाजन हुन सक्छ।

बुद्धको सँस्कृतिमा सदाचार, नैतिकता र चित्त शुद्धिको आवश्यक रहेको छ। बुद्धको जन्म नेपालमा भएतापनि बौद्ध सँस्कृतिको जन्म भारतमा भयो। अब त्यो सँस्कृति भारतमा

पनि बाँकी रहेन । बुद्धकालिन विहारहरूको भग्नावशेषहरू मात्र बाँकी छन् । नयाँ बुद्ध विहार बनेको छ । अम्बेडकर र सत्यनारायण गोयन्कालें बुद्ध सँस्कृतिको पुनःर्जागरण गर्नुभएको छ । बुद्ध सँस्कृतिको मूल लक्षण र वातावरण नै हराइसक्यो । बौद्ध सँस्कृतिको छाँया मात्र बाँकी छ । किनकि बौद्ध सँस्कृतिमा जातिभेद र अन्धविश्वासलाई स्थान छैन । त्यो अवगुण र दुर्गुण सबै भारतमा मौजूद छ । त्यही हावा नेपालमा पनि लागेको हुनुपर्छ ।

अब जाऔं बुद्धको सँस्कृतिको मुख्य उद्देश्य नै चित्त शुद्ध गर्ने विषयतिर–

सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा
सचित्त परियोदपनं एतं बुद्धानसासनं

अर्थ– सबै प्रकारका पाप कर्म नगर्नु, पुण्य कर्म संचय गर्नु आफ्नो चित्त शुद्ध गर्नु, यही बुद्धहरूको शिक्षा हो ।

सारांशमा भन्ने हो भने पाप कर्म नगरेर र धर्म कर्म गरेर मात्र पनि पुग्दैन मुख्य कुरो त चित्त शुद्ध हुनुपर्छ । तर चित्त शुद्ध हुनुपर्छ भन्ने विषय धेरै जना मानिसहरूले बुझेका छैनन् अथवा यो विषय बुझ्न सजिलो पनि छैन । उदाहरणको लागि यहाँ बुद्धकालिन घटना एउटा प्रस्तुत गर्नु सान्दर्भिक ठान्दछु ।

बुद्धको प्रमुख दाता श्रावस्तीवासी अनाथपिण्डिक सेंठ (साहु) कहाँ धेरै दास-दासीहरू पालि राखेका थिए । उनीहरू

मध्ये एकजना पूर्णिका नाम गरेकी दासी पौष महिनाको बिहान सबेरै नदीमा पानी लिन गइछन् । त्यहाँ एकजना ब्राह्मण बाजे पनि नदीको चीसो पानीमा थरथर काँप्दै स्यु-स्यु कराउँदै डुबुल्की लगाई नुहाइरहेको देखेर त्यस पूर्णिका दासी चुप लागेर बस्नै सकिनन् र सोधिन्– "होइन ए बाजे ! म त यहाँ एका बिहानै मेरो मालिकले पानी लिन गइन भने गाली गर्लान् भन्ने डरले पो पानी लिन आउँदैछु । तर तपाई चाहिं कसको डरले यस्तो मुटु काँप्ने जाडोमा पनि थरथर काँम्दै चीसो पानीमा डुबुल्की लगाइराख्नु भएको ?"

बाहुनले भन्यो– "कसैको डरले पनि होइन । म त पापसँग डराएर नुहान आएको हुँ र यो त सँस्कृति पनि हो । नदीमा नुहायो भने यो पवित्र पानीले पाप सबै बगाएर लान्छ नि । थाहा छैन । तिमीलाई ?"

अनि पूर्णिका दासीले भनिन्– "बाजे ! नदीमा नुहाउँदैमा पाप सबै पानीले बगाएर लैजान्छ भने त्यस पानीले धर्म (पुण्य) पनि बगाएर लैजान्छ नि । बाजे ! तपाइँले राम्ररी कुरै बुझ्नु भएको रहेनछ । बुद्धको शिक्षा अनुसार मुख्य कुरो त आफ्नो चित्त शुद्ध हुनुपर्छ नि । अनि मात्र धर्मको रक्षा र सँस्कृतिको संरक्षण पनि हुन्छ । अन्यथा पाप काटेर जाला भनी आशा नै गर्नुपर्दैन । बाजे ! नुहाउँदैमा पाप काट्छ भने सँधै यही नदीमा पानीमा बस्ने माछा र

भ्यागुताहरू जस्ता प्राणीहरू त झन् पापबाट बची धर्मात्मा हुन्छन् होला नी होइन र ?"

यो कुरा सुनेपछि बाजेले टोलाउँदै बिचार गरे– "मैले यो केटी केही नजानेकी अशिक्षित भन्ठानेको त यो केटीले नौलो सँस्कृतिको कुरो पो गर्दिरहिछन्। साँच्चै हो नि हगि ! नुहाउँदैमा नदीको पानीले पाप बगाएर लान्छ भने त्यस पानीले धर्म पनि त बगाएरै लान्छ नि । पानीले धर्म र पापलाई कसरी छुट्टाउन सक्ला र ? पानीको स्वभाव नै बग्नु र बगाउनु हो ।"

अनि बाजेले सोध्यो– "ए नानी ! यस्तो अनौठो कुरो कहाँबाट सिक्यौ हँ तिमीले ?"

पूर्णिकाले भनिन्– "हाम्रो गुरु बुद्धले उपदेश दिनुहुँदा सधैं चित्त शुद्ध हुनुपर्छ भन्नुहुन्थ्यो । उहाँकै उपदेश सुनी यी अमूल्य कुराहरू सिकिराखेको मैले त । यो कुरो सुनी बाजेले– "यो चित्त शुद्ध हुनुपर्छ भनेको त राम्रो सँस्कृति हो" भन्दै यस कुरोलाई स्वीकार गरे ।

अर्को अध्ययन गर्न योग्य कुरो के छ भने आध्यात्मिक उन्नति र आचरण शुद्ध नगरीकन, चित्त शुद्ध नगरीकन शान्ति र ईश्वरत्व प्राप्त गर्ने आशा गर्दै यज्ञ होम आदि कर्मकाण्ड शुरू गरेको विषय बारे । यति मात्र कहाँ हो र ? धर्म ग्रन्थमा उल्लेख भए अनुसार देवी देवता खुशी पार्न पशु र मानिसलाई समेत हत्या गरी धर्मको नाममा हिंसा कर्म गर्न

अग्रसर भए कोही ब्यक्तिहरू। आजभोली पनि नर बलि दिइने कुरा यदाकदा सुन्न पाइन्छन् । पशुबलि त हामीकहाँ आजभोलि पनि खुब चलिरहेको छ। बाटो–बाटोमा “नाशः द्यो” को स्थानहरूमा ठूलठूला राँगा बलि दिई रगत बगाउने सँस्कृति आजसम्म पनि चलिरहेकै छ । यस्तै बेला दक्षिण भारतको ठूलो विद्वान ब्राह्मण आउनु भएको थियो। यो बलि दिएको दृश्य देख्ने बित्तिकै उ चिल्लाउँदै यसरी कराउन थाले– “अरे ! म त महापापी देशमा पो आइपुगेछु। यो बुद्ध र पशुपतिको देशमा कस्तो खालको पापी सँस्कृति हेर्नु पर्दोरहेछ” यति भन्दै उ त्यही दिन भारततर्फ फर्के। यसरी मानिसहरूले आ–आफ्नो शरीर, वचन र मन शुद्ध पारी राम्रो काम गरी चित्त शुद्ध गर्ने तर्फ ध्यान दिंदै कर्म सुधार गरेको देखिंदैन ।

अब भगवान बुद्धको बारे केही जानकारी र परिचय लिऔं। श्रमण गौतमले ज्ञान लाभ गर्नु भएपछि आफूले अनुभव गरेको शुद्ध सँस्कृतिको परिचय दिनुहुँदै भन्नुभयो– “मैले जान्नुपर्ने चतुआर्य सत्यबारे ज्ञान हासिल गरिसकें। त्यसपछि त्यो ज्ञान र नयाँ सँस्कृतिलाई खूब अभ्यास गरेर हेरें। अनि महशुस भयो– शुद्ध सँस्कृति स्थापना गर्नका लागि पुराना नराम्रा कुसंस्कार र परम्पराहरूलाई त्यागिदिनु पर्दोरहेछ । तसर्थ पुराना कुसंस्कारहरूलाई मैले आफ्नो हृदय देखि निर्मूल पारिसकें। अनि मात्र मैलै बुद्धत्त्व प्राप्त गर्न सफल भएँ।”

बुद्धको यस भनाईले हामीले के बुझ्न सक्दछौं भने बुद्धले प्रतिपादन गर्नुभएको सँस्कृतिमा पूर्वाग्रह र साम्प्रदायिकता तथा अनैतिकतालाई कुनै स्थान छैन । उहाँको सँस्कृतिमा (क) शील (सदाचार) (ख) समाधि (चित्त एकाग्रता) र (ग) प्रज्ञा (विवेक बुद्धि) ले ठाउँ ओगटेको छ । आजभोलि जति पनि अनैतिकता, भ्रष्टाचार सँस्कृतिको वातावरण र विकृति देखिन्छ, ती सबै शील सदाचारको अभावले गर्दा हो ।

अब बुद्ध सँस्कृतिको महिमा बारे चर्चा गरौं । बुद्धको सँस्कृतिमा चार कुराहरू उल्लेखनिय छन् । [क] मैत्री (मित्रता) [ख] करूणा (असहायहरू प्रति दया) [ग] मुदिता (अर्काको उन्नति देखेर प्रशन्न हुने चित्त) [घ] उपेक्षा (तटस्थता) आदि । यी ४ वटा गुणधर्महरूको अभावले गर्दा समाजमा अशान्ति, हिंसा र आतंकको वातावरणले छाएको छ । जत्ति भएपनि तृप्त नहुने तृष्णा र आधारभूत आवश्यकताको अभावले पनि आशान्ति भइराखेको छ र सँस्कृति पतनतिर गइराखेको छ ।

मैत्री, करूणा, मुदिता र उपेक्षा रूपी आध्यात्मिक गुणलाई व्यवहारमा प्रयोग गर्न सकेमात्र शान्ति मिल्छ कि ?

"भवतु सब्ब मंगलं"

गृहस्थी जीवन सफल हुने धर्म मार्ग

दु:ख मन पर्ने कोहि छैन । हामी सबै सुख चाहनेहरू । तर सुख भनेको इच्छा गरेर मात्र पाउने चीज होइन । कामना गरेर मात्र हाम्रो इच्छा पूरा हुने होइन । त्यसरी इच्छा गर्दैमा पूरा भए त यो संसारमा दु:खी व्यक्ति कोहि पनि हुने थिएन । तर धेरै जसो दु:खीहरू नै देखिन्छन् यस संसारमा । यदि सुखपूर्वक बस्न र बाँच्ने इच्छा छ भने दु:ख हुने काम छोडेर सुख पाउने काममा लाग्नु पऱ्यो । यसको लागि हामी आफैले महसूस गरी आफूलाई आध्यात्मिक उन्नति हुने कार्यतर्फ लगाउनु पऱ्यो साथै भलो हुने काममा इमान्दारी साथ आफु जुत्नु पऱ्यो ।

धेरैजसो प्रशन यसरी उठ्ने गर्छ - दु:ख मन न पर्नेहरूले धर्म कर्म गरे पनि किन दु:ख हराउँदैन र उनीहरू किन सुखी हुँदैन ? किन भने उनीहरूले दु:ख हुने कारणलाई टाढा पंछाउन र छोड्न चाहँदैन । अर्थात तृष्णालाई छोड्न चाहँदैन । उदाहरणार्थ एउटा घटना प्रस्तुत गर्छु ।

एकजना मानिसलाई रुघा खोकि लागेको थियो । उ वैद्य कहाँ गएर आफ्नो रोगको बेथा सुनायो । वैद्यले औषधी दियो र भन्यो यो औषधी खाउँन्जेल तथा रुघा खोकि रहुंजेल अमिलो अचार र दही खानु हुँदैन । त्यो मान्छेलाई चाहिं अमिलो अचार र दही न भै नहुने रहेछ । त्यो मान्छे अर्कै वैद्यकहाँ गएर भन्यो - मलाई रुघा खोकि लागेको छ तर यस्तो औषधी दिनुस जुन औषधी खाँदा अमिलो अचार र दही

त्यागन नपरोस्। वैद्यले भन्यो - ठीक छ यो औषधी पनि खाने अमिलो अचार र दही पनि खाँदै जाने । यसले गर्दा तपाई कहिले पनि बुढो हुँदैन, तपाईको घरमा कहिले पनि चोर पस्दैन, र कहिले पनि तपाईलाई कुक्करले टोक्दैन ।

वैद्यको कथन अनुसार रुघा खोकि हुँदा अमिलो अचार र दही खायो भने त्यो मान्छे बुढो हुन नपाउँदै मर्छ । उसलाई रात भर खोकि लाग्दा मान्छे बिउझेको घरमा चोर कहाँ पस्छ र ? शरीर दुर्बल भई लौरो टेकेर हिड्नु पर्दा कुकरले पनि टोक्दैन ।

यस घटनाले के शिक्षा दिन्छ भने रोग निको पार्नु छ भने अमिलो अचार र दही छोड्नु परे जस्तै दुःख मन पर्दैन भने दुःख हुने काम छोड्न सक्नु पर्छ । अन्यथा धर्ममात्र गरेर कहाँ दुःखबाट मुक्त हुन्छ र ?

अव जाउँ गृहस्थी जीवन सफल हुने धर्ममार्ग तिर । एकचोटी गौतम बुद्ध कोशल राज्यको वेलुद्वार नामक ब्राह्मण गाउँमा धर्म प्रचारार्थ जानु भयो । त्यहाँका वासिन्दाले प्रार्थना गरे :- भो श्रमण गौतम ! हामी त गृहस्थी हौं । हामी विवाह गरेर बाल बच्चाहरू सँगै बस्न चाहने व्यक्तिहरू पर्‍यौं । हामीलाई सुन चाँदीको गहना पनि चाहिन्छ । घर खेत पनि चाहिन्छ । सुगन्धित फूल माला पनि हामी लगाउँछौं । त्यसैले घरबार छोड्न चाहन्नौं । पैसा कमाएर बाँच्न चाहन्छौं । त्यसैले हामीलाई यस्तो उपदेश दिनुस् जुन उपदेशले गृहस्थीमा सुखपुर्वक बस्न पाउने र मरणोपरान्त स्वर्गमा जान पाउने ज्ञान प्राप्त होस् ।

तपाईहरूलाई कसैले दु:ख दिई हिंसाकर्म गरेको मन पर्छ कि पर्दैन ? उत्तर आयो मन पर्दैन । त्यसो भए तपाईहरूले पनि अरुलाई दु:ख हुने काम गर्नु भएन । तपाई कहाँ चोरीगर्ने लुटेराहरू छन् कि छैनन् । उत्तर आयो घेरै छन् । हामी घरमा ताला लगाएर यहाँ आएका छौं । त्यस्तै आइमाइहरूलाई बलात्कार गर्नेहरू पनि होला ? त्यस्तै भूठो कुरा गर्ने, चुक्लि गर्ने कडा बोलि बोल्ने, नचाहिने कुरा गरेर समय फाल्तु फाल्ने, धेरै लोभी बदला लिने स्वभाव र ईर्ष्यालु स्वभावकाहरू, मिथ्यादृष्टि र अन्धविश्वासीहरू तपाईहरूलाई मन पर्छ कि पर्दैन ? उत्तर आयो मन पर्दैन । त्यसो भए तपाईहरूले पनि भूठो कुरा गर्नु भएन र बदलालिने काम गर्न भएन । मिथ्यादृष्टि हुन भएन । एकतालाई भंग हुने चुक्लि गर्ने काम गर्नु भएन । दृढ लोभी र बदलालिने काम गर्नु भएन । मिथ्यादृष्टि हुनु भएन अर्थात मन संकुचित , सांगुरो हुनु भएन । यति गर्न सके तपाईहरूको गृहस्थी जीवन सफल हुन्छ । मरणोपरान्त जहाँ जाने इच्छा छ त्यहाँ जान सकिन्छ ।

भो श्रमण गौतम ! अनुम्पाराखी हाम्रो गाउँमा पाल्नु भई हमीलाई राम्रो ज्ञानको शिक्षा दिनु भयो । घर गृहस्थी न त्यागीकन आचरण राम्रो भएको खण्डमा शान्तपूर्वक पारिवारिक जीवन सफल पार्न सक्ने र मरणो परान्त सुगति जान सक्ने रहेछ । हामी खुशी छौं । हामी तपाइको उपदेश अनुसार जीवन बिताउन तत्पर हुनेछौं ।

यस घटनाले के शिक्षा दिन्छ भने अरुको नराम्रो व्यवहार मन पर्दैन भने त्यही बानीलाई एकपटक आफू संग तुलना

गर्नु पर्‍यो । आफूमा पनि त्यस्तो न राम्रो व्यवहार र चरित्र छ कि छैन । अरुको बानि ब्यहोरा मन पर्दैन भने आफूले पनि त्यस्तो व्यवहार गर्नु भएन । नराम्रो बानी छाड्नु पर्‍यो । अरुलाई ओलोचना गर्नु भन्दा पहिले आफ्नो गल्ति बारे आत्मालोचना गर्न सक्नु पर्‍यो । यस बारेमा मज्झिमनिकायको अत्तुपनाइक सूत्र अथवा वेलुद्वार सूत्रमा विस्तृत व्याख्या गरेको पाइन्छ ।

बुद्धले दिनु भएको अधिकांश उपदेश गृहस्थीजीवन सफल पार्नको लागि हो नकि घर परिवार छोडेर त्यागी बन्नको लागि । हो गृहस्थी जीवन सफल हुने मार्ग बारे उपदेश दिनको लागि त्यागी व्यक्तिहरूको पनि आवश्यक छ । बुद्ध स्वयं उदाहरणको लागि त्यागी जीवनमा उपस्थित हुनुभयो । ■

दशवटा दुर्लभ तत्वहरू

सबैलाई मनपर्ने, सबैलाई आकर्षित पार्न सक्ने तर धेरैजनालाई पाउन नसक्ने दुर्लभ तत्वहरू ती कुन कुन हुन् रे -

१) दैनिक उपभोग्य वस्तुहरू जुन कि आधारभूत आवश्यक वस्तुहरू तर दुर्लभछ ।

२) रूप सम्पन्न हुनु अर्थात खूब राम्रो हुनु तर दुर्लभछ,

३) स्वास्थ्यलाभ अर्थात निरोगीहुनु सुख हो तर यो दुर्लभ छ ।

४) शील पालन (सदाचारहरू) राम्रो छ तर दुर्लभ र पाउनु गाह्रो छ,

५) ब्रह्मचर्य पालन हुनु पनि राम्रो छ तर दुर्लभ छ,

६) असल साथी हुनु पनि राम्रो कुरो हो तर दुर्लभ छ,

७) बहुश्रुत (विद्वान) हुनु पनि राम्रोछ तर पाउनु गाह्रो छ,

८) प्रज्ञावान (विवेक बुद्धि) हुनु पनि राम्रो हो तर दुर्लभछ,

९) धर्म (न्याय) पनि राम्रो छ तर दुर्लभछ,

१०) स्वर्गिकसुख पनि राम्रैछ तर पाउन कठिनछ ।

यी तत्वहरू किन दुर्लभ भए त ? बाधाहरू भएकाले । बाधा कुन कुन हुन् ?

१) आवश्यक उपभोग्य वस्तु प्राप्त गर्न प्रयत्न नगरी अल्छि हुनाले ।

२) नुहाएर सरसफाई गरी मुख धोएर सफागर्न न जानेकोले र अलंकारले अलंकृत गर्न न जानेकोले ।

३) आचरण ठीक नभएकोले र ठीक समयमा खाने बानि नभएकोले पनि बाधा हो ।

४) कुसंगत र दूषित बातावरणले गर्दा शील पालन गर्न नसक्नु पनि बाधा हो ।

५) आँखा आदि इन्द्रिय संयम नभएकोले, मनलाई बसमा राख्न नसक्नु पनि बाधा हो ।

६) अविश्वास हुनुले असलसाथी पाउनु नसक्नु बाधा हो ।

७) बारम्बार अभ्यास नभएकोले विद्वान हुने नसक्नु बाधा हो ।

८) गुरुको आज्ञा न मान्नु र धर्मको छलफल नगर्नु पनि बाधा हो ।

९) ध्यान भावना गरी अन्तर्मुखी बन्न नसक्नु र अभ्यास नगर्नु बाधा हो ।

१०) आचरण शुद्ध नहुनु पनि बाधा नै हो । (-अंगुत्तर निकाय)

यहाँ बुद्धले भन्नु भएको उपयुक्त दशवटा कुराहरू राम्रो संग अध्ययन गर्ने लायक छ । यी तत्वहरू गृहस्थी समाजलाई उपयोगी र लाभ दायक हुनुका साथै ज्ञान वर्धक कुराहरू हुन् । राम्रो कुरा के भने गृहस्थी जीवन सुखमय बनाउनको लांगि राम्रो भए पनि यी तत्वहरू प्राप्तगर्नलाई तेर्सिका बाधाहरू लाई पनि बुद्धले प्रष्ट्याउनु भएको छ । मानिसहरूको दैनिक जीविकाको लागि नभै नहुने आधारभूत आवश्यकताहरू त्यसै प्राप्त हुँदैनन् । त्यसको लागि अल्छि न बनी परिश्रमी र उत्साही बन्नु आवश्यक छ । धेरै जना व्यक्तिहरू हातमाहात बाँधी कर्म (भाग्य) लाई दोष दिई

चुपचाप बसेर अभागी र दु:खी भइ रहेका छन् । अर्काको भरोसामा बसिरहेका छन् । मेहनत र परिश्रम गरेको खण्डमा ऊ राम्रो संग कामगरेको खण्डमा भाग्यमा नभएको पनि पलाएर आउँछ भनी गौतम बुद्धले भन्नु भएको छ । आफ्नो खुट्टामा टेक्न नसकेसम्म जे पनि काम गर्नु सक्नुपर्छ । अनि मात्र आफूलाई चाहिने उपभोग्य वस्तु प्राप्त हुनेछ ।

दोश्रो कुरा रूप सम्पत्ति भनेको पनि नभैनहुने व्यक्तित्वको चीज हो । त्यसको लागि राम्रो संग मुख धुनु पर्ने र नुहाउनु पर्ने हुन्छ । साथै रूप राम्रो भए पनि आचरण राम्रो भएन भने रूप सम्पन्नताको महत्व नै घट्छ । नेवारीमा एउटा उखान छ "ख्वा बांला चाला बांमला ।"

तेश्रो कुरा स्वास्थ्य लाभ सबै भन्दा ठूलो लाभ र सुख हो भनेर गौतम बुद्धले भन्नु भएको थियो । "आरोग्या परमा लाभा" अर्थात् ठूलो लाभ हो रोग नहुनु । यसको लागि ठीक समय र ठीक मात्रामा खाना खानु मनमा पीर पर्ने काम नगर्नु इच्छा भयो भन्दैमा कुबेलामा पटक पटक खाना खाई रहनु राम्रो बानि होइन । चिन्ताबाट मुक्त भएर बस्न सके सधैं निरोगी भई बाँच्न सकिन्छ । साथै अनावश्यक निन्दा चर्चा नगर्नु बेस छ ।

चौथो शील स्वभाव राम्रो हुनुपर्छ । चरित्र स्वच्छ बनाउने बानि बुढा बुढीको अवस्थासम्म कामलाग्ने, बरदान हुने कुरा बुद्धले भन्नु भएको थियो । रहन सहन, बोलि वचन, काम धाम राम्रो भएको खण्डमा जहाँ पनि गएर बस्न सकिन्छ । सबैको माया ममता प्राप्त गरेर बस्न सकिनेछ ।

आफ्नो व्यवहार राम्रो भएको खण्डमा उपभोग्य वस्तुहरू प्राप्त गर्न सजिलो हुनेछ ।

पाँचौं ब्रह्मचर्य भनेको केवल त्यागीहरूलाई मात्र लागु हुने कुरो होइन । उच्च चरित्रलाई ब्रह्मचर्य भनिन्छ र तर साधारण रूपमा आइमाईहरू सित नबस्नुलाई ब्रह्मचर्य भनिन्छ । बुद्धले त विवाहित गृही जीवनलाई एक नारी ब्रह्मचारी भन्नु भएको छ । आफ्नो पत्नीबाट सन्तुष्ट भई इन्द्रिय बसमा राख्नु, मनको वसमा नगई संयमित जीवन बताउनु हो । संयमित बन्न न सक्नाले आजभोलि बलात्कार, हिंसा, भ्रष्टाचार आदि कुकर्महरूको जगजगी भइ भइरहेको कुरा सुन्न परेको छ । इन्द्रिय संयमित भई बस्नु सजिलो काम होइन ।

छैठौं - विश्वासी बन्न सके कल्याण मित्र पाउनु सकिन्छ । अथवा अविश्वासले सही मित्र पाउन सक्दैन । विश्वासी बन्नु एउटा बरदान नै ठान्नु बेस छ । विश्वास पात्र बन्न नसके जहाँ गए पनि एक रात बिताउननै मुश्किल पर्नेछ ।

सातौं विद्वान हुनलाई धेरे पढ्नु र बारम्बार अभ्यास गर्नु आवश्यक छ । मतलब पढेलेखे अनुसार शील स्वभाव राम्रो हुनु, घमण्डी नहुनु, सेवा भाव र नरम स्वभावको हुनु पर्छ । यी गुणहरू आफूमा समावेश गरी यसको अभ्यास गर्न सके विद्वान हुनुको महत्व बढ्छ ।

आठौं प्रज्ञा मानिसको भविष्य उज्वल बनाउनेको लागि नभैनहुने सही प्रज्ञा भएको मानिसले भरसक नराम्रो काम

गर्दैन । गल्ति गरे पनि तुरुन्तै आत्मालोचना गरेर जीवन सुधार गर्न प्रयत्न गर्छ र गल्ति महसूस गरेर सुधारिन्छ । प्रज्ञाको लागि असल गुरुको आज्ञाकारी हुनु आवश्यक छ । असल आमा बाबुको पनि आज्ञाकारी हुनु राम्रो कुरा हो ।

नवौं - नैतिकता र इमान्दारीपन रहेन भने धर्म र हुँदैन । माथि उल्लिखित सबैकुरामा धर्म समाहित हुनु जरुरी छ । अधर्म भएको खण्डमा माथि उल्लेख भएको सबैको मूल्य र महत्व रहँदैन । धार्मिक जीवन बिताउनु सजिलो छैन । ठूलो धैर्य र सहनशीलता आवश्यक छ । अनि मात्र धर्म रहन्छ । धर्मको लागि विपश्यना ध्यानको अभ्यास गरेर अन्तर्मुखी हुनु पर्छ । अनि आफ्नो गल्ति महसूस हुन सक्छ ।

दशौं सुखमय जीवनलाई स्वर्गीय जीवन भनिन्छ । यो वर्तमान जीवनमा शुद्धआचरण बनाउन सकेको खण्डमा, आफूले गर्नु पर्ने कर्तव्य गर्न सकेको खण्डमा जीवनमा कलंक रहित स्वर्गीय जीवन बिताउन सकिन्छ । मिथ्या आचरणलाई बिलकुल त्याग्न सक्नु पर्छ । सम्यक आचरण हुनु जरुरी छ ।

उपभोग्य वस्तु प्राप्त गर्नलाई जुन बाधाहरू बुद्धले भन्नुभएको छ यो सधैं सम्झी राख्न आवश्यक छ । ■

बौद्ध र अबौद्ध दृष्टिकोणमा भिन्नता

बुद्धका अनुयायीहरूलाई बौद्ध अथवा बुद्धमार्गी भनिन्छ । तर बुद्धमार्गीहरूमध्ये धेरैजसोले बुद्ध को हुन् र उहाँको सही शिक्षा र विचारधारा के हो भन्ने कुरा बुझेको देखिंदैन । बुद्धका मूल शिक्षा हो-

सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा
सचित्त परियोदपनं एतं बुद्धानुसासनं

कुनै प्रकारको अरूलाई अहित हुने काम नगर्ने, राम्रो काम गर्ने अर्थात् पुण्य संचय गर्ने र आफ्नो चित्त शुद्ध राख्ने । यो बुद्धको शिक्षा हो ।

यहाँ बुझ्नुपर्ने कुरो के छ भने पाप कर्म नगरेर मात्र पुग्दैन र पुण्यकर्म गरेर मात्र पनि पर्याप्त हुँदो रहेनछ । मुख्य कुरो त आफ्नो चित्त शुद्ध हुनु पर्दो रहेछ ।

अबौद्ध दृष्टिकोणले के भन्छ, पाप कर्म गरिहाले पनि एकचोटी धर्मकर्म गरे त्यो पाप कट्छ । तर बुद्धको शिक्षा र विचार अनुसार चित्त शुद्ध नभइकन जति पुण्य कर्म गरे पनि शुद्ध हुन सकिंदैन र पापबाट मुक्त हुन सकिंदैन । पाप कट्दैन । पाप कर्म गरिसकेपछि पश्चाताप महसूस गर्नुपर्छ । मैले गरेको काम र बोलेको कुरा तथा मनले चिताएको ठीक रहेनछ । त्यसले आफू र अरूको पनि हित नहुने रहेछ । अत: म आइन्दा यस्तो नराम्रो काम (जसले आफूलाई पनि भलो गर्दैन, अरूलाई पनि अहित गर्छ) गर्दिन भनी प्रतीज्ञा गरेर सदाको लागि असल मान्छे बन्न सके उसले गरेको पाप

कट्न सक्छ अर्थात् पाप कट्न सक्छ। यो बौद्ध दृष्टिकोण हो अर्थात् बुद्ध विचार हो।

अबौद्धहरूको दृष्टिकोण अनुसार पटक-पटक पापकर्म गर्ने र पुनः धर्मकर्म गरेर पाप कटाउने गर्छन्। कुनै कुनैले त पापबाट मुक्त हुनलाई पशु बली दिएर धर्म गर्छन्। प्राणी हत्या गरेर पनि धर्म हुन्छ ! यो बुद्धको शिक्षा र विचार अनुसार ठीक छैन।

अर्को एउटा महत्वपूर्ण कुरो छ - बुद्धको उपदेश र शिक्षा प्रचार गर्नुपर्छ भनेर, धर्मउपदेश दिने कार्यक्रम, पुस्तक प्रकाशन गरेर निःशुल्क वितरण, विहार मन्दिर स्थापना र पुस्तक प्रकाशन गरेर निःशुल्क वितरण आदि खुब गर्छन्। तर बुद्ध शासन चिरस्थायी हुनको लागि उपयुक्त तरिकाभन्दा राम्रो विधि धर्मप्रचारकहरूको चरित्र र आचरण राम्रो भए, व्यवहार असल भए धर्म प्रचार सार्थक र सफल हुन्छ। धर्म प्रचारकहरूको बोली वचन र गतिविधि ठीक भएन, नरम भएन भने, धर्म प्रचार पानीमाथि तेल जस्तो टल्किने मात्र हुनेछ। जनमानसमा प्रभाव पर्दैन। त्यसैले धर्मप्रचार गर्दाखेरि शुद्ध सेवा भाव हुनुपर्छ। मेवा खाने विचारले सेवा र धर्म प्रचार गर्नु बौद्ध दृष्टिकोण होइन। चरित्र र आचरण राम्रो भए मात्रै धर्म प्रचार चिरस्थायी हुन्छ। अन्यथा ढोंगी मात्र भइन्छ। बालुवामा महल बनाए जस्तै हुन्छ। यस्तो धर्मकर्म गरेर पापबाट मुक्त हुन सकिदैन। अतः चित्त शुद्ध भएको खण्डमा मात्र पाप कट्नेछ। ■

बुद्धलाई चिनौं

बुद्ध राजकुमार भएपनि समाजको विकृति र कुसंस्कार निर्मूल पार्ने कार्यमा उहाँ योग्य समाज सुधारकको रूपमा देखा पर्नुभयो । उहाँ समाज सुधार गर्ने विषयमा कुरा मात्र गरी कार्य नगर्ने खालको आजभोलिका व्यक्तिहरू जस्तै हुनुहुन्नथ्यो । अर्को शब्दमा भन्ने हो भने बुद्ध आफ़ूमा रहेका पुराना संस्कार लोभ, लालच, इर्ष्या र अहंकारलाई निर्मूल पारी बोध हुनुभएका व्यक्ति हुनुहुन्थ्यो । आफूमा रहेको पुराना खराब संस्कारहरू त्याग्न नसकेसम्म समाज सुधार गर्न सकिंदैन । आजभोलिका समाज सुधारक र धर्मप्रचारकहरू धेरैजसो नयाँ सिसीभित्रको पुरानो रक्सीको रूपमा देखा परिरहेका छन् ।

सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गर्नु भएपछि पहिला आफूसँग तपस्या गर्ने पञ्च भद्रवर्गिहरूलाई आफ्नो परिचय दिंदै भन्नुभयो - मैले पहिला कहिल्यै पनि नसुेका चारवटा आर्य सत्यहरू (१) संसारमा दु:ख छन् (२) दु:खको कारण छ (तृष्णा) (३) दु:खलाई निर्मूल गर्न सकिन्छ (४) दु:ख नाश गर्ने मार्गहरू (उपाय) छन् । यी विषयहरू अध्ययन गर्न योग्य छन् भनी खूब ध्यान दिई अध्ययन गर्दै अभ्यास पनि गरें । अभ्यास मात्र गरेर पनि नपुग्ने रहेछ । आफ्नो मनभित्र रहेका लोभ, क्रोध, इर्ष्या, अहंकार आदि कुसंस्कारलाई नाश गरिसकेपछि मात्र बोधिज्ञान प्राप्त गरें । अनि मात्र ममा ज्ञानको आँखा खुल्यो, प्रज्ञा उदय भयो । अनि संसारमा रहेका मानिसहरू

किन दुःखमा डुविरहेका रहेछन् भन्ने विषयमा राम्रो ज्ञान भयो । मानिसहरूले पुराना संस्कारहरूलाई त्याग्न सकेका छैनन् । आफ्नो मनलाई राम्रो संस्कारमा परिवर्तन गर्न नसकेसम्म मानव समाज सुधार हुन संभव नै छैन ।

यति उपदेश सुनिसकेपछि पंच भद्रवर्गीहरूले आफ्नो पुराना संस्कारलाई त्यागी उनीहरू शुद्ध भिक्षु बने । मिथ्या दृष्टिलाई त्यागेर सम्यक दृष्टिसहितका व्यक्ति बने । हृदय परिवर्तन भयो । गौतम बुद्धले भन्नुभयो- खराब कार्यहरू नगरेर मात्र पुग्दैन, पुण्यकर्म गरेर मात्र पनि पुग्दैन, आफ्नो चित्त पनि शुद्ध हुनुपर्छ ।

सिद्धार्थ गौतमसँगै तपस्या गर्ने कपिलवस्तुका पाँच जवान ब्राह्मणहरूले पाप कर्म पनि गरेनन्, धर्म भन्दै पेटलाई भोको पार्दै तपस्या पनि गरे । तर चित्त शुद्ध गर्न नसकेको कारणले उनीहरू ज्ञान नभएका बुद्धु बनिरहे । जब उनीहरूले पुराना संस्कारहरू त्यागी प्रज्ञा चक्षु प्राप्त गरे, तब मात्र उनीहरू ज्ञानी भए ।

चित्त शुद्ध पार्नु नै बुद्ध शिक्षाको मुख्य उद्देश्य हो । आजभोलि वैशाख पूर्णिमाको दिन बुद्धजयन्ती मनाइरहेका व्यक्तिहरूमध्ये कुसंस्कारहरू त्यागी बुद्धलाई राम्ररी चिन्न सक्ने व्यक्तिहरू कति छन् भनी हेर्ने हो भने त्यस्ता व्यक्तिहरू औंलामा गन्न पनि पुग्दैन । बुद्ध देवता होइन, तैपनि देवताको रूपमा रथमा राखी जात्रा गरिरहेका छन् । रक्सी पनि खाइरहेका छन् । धेरैजसो व्यक्तिहरूको चित्त शुद्ध हुन सकेको छैन । परम्परागत संस्कारलाई त्याग्न सकेका छैनन् ।

यहाँ म चीनको भिक्षु र दार्शनिकको बीचमा भएका छलफलहरूलाई सम्झन पुग्छु । चीनमा एउटा भिक्षु रूखको हाँगामा मज्जाले बसी ध्यान गरिरहेको रहेछ । त्यही रूखमुनि एकजना दार्शनिक आइरहेका थिए । उसले रूखको हाँगामा बसिरहेको भिक्षुलाई देख्ने बित्तिकै 'खतरा' खतरा' भन्दै कराए । यो सुनी रूखको हाँगामा बसिरहेको भिक्षुले पनि डरलाग्दो छ, डरलाग्दो छ' भन्दै ठूलोठूलो स्वरले करायो । यो सुनी दार्शनिकले भने - 'मैले त तिमी रूखको हाँगामा बसिरहेको बेला निद्रा लागेमा तिमी खस्छौं भनेर पो डराए खतरा भनेको तिमी आफैं किन खतरा भन्दै कराएको ?

रूखमा बसिरहेका भिक्षुले जवाफ दिँदै भने-रूखमाथि बस्ने व्यक्तिलाई रिंगटा लागेको छैन, तिमी रूखमुनि बसेको व्यक्तिलाई किन रिंगटा लागेको ? यही देखेर डरलाग्दो छ भन्दै म पनि कराएको । म त जहिले पनि सतर्क र सजग नै छु नि । मलाई कुनै प्रकारको खतरा छैन, तर तिमी जमिनमा रहे पनि सुरक्षित छैनौ । किनभने तिम्रो मन एकदम कमजोर छ । तिमीहरू जस्ता मानिसहरूको समूहमा बस्दा खतरा मात्र हुनेछ, सुरक्षा हुँदैन ।

यो कुरो सुनी दार्शनिकले भने 'तिमी को हो ? भिक्षुले उत्तर दियो- म बुद्ध अनुयायी बुद्धको शिक्षा प्रचार गर्ने व्यक्ति भिक्षु हुँ ।

ए ! भिक्षु हो ? (त्यसो भए) बुद्धको शिक्षा अलिकति बताउ त । दार्शनिकले भने । भिक्षुले भन्यो - बुद्धको शिक्षा

भनेको खराब कार्यहरू सबै नगर्ने, राम्रा कार्यहरू अर्थात् पुण्य कार्यहरू गर्ने अनि चित्त शुद्ध गर्दै जाने हो ।

यति कुरा सुनिसकेपछि दार्शनिकले रिसाउँदै भने- त्यसो पनि बुद्धको शिक्षा हो र ? त्यो त भर्खरको बालकदेखि बुढाबुढीहरूले समेत थाहा पाएको कुरो हो। भर्खरको नवजात शिशुको कुरा भयो यो त ।

अनि रूखमाथि बसेको भिक्षुले भने– नव जात शिशुदेखि बुढाबुढीसम्मका व्यक्तिले थाहा पाएको कुरो हो भने मलाई भन त पाप कर्म नगर्ने, धर्मकर्म गरेर चित्तशुद्ध गर्ने व्यक्तिहरू कति छन् ?

दार्शनिकले विचार गरे- साँच्चिकै खराब कार्य नगर्नेहरू को छ ? पुण्य कर्म गरिरहे पनि चित्त शुद्ध हुनेहरू को छ ? चित्त शुद्ध हुने व्यक्तिहरू त देखिँदैनन् । अहो बुद्ध शिक्षा त गजब नै रहेछ । यसो हेर्दा केही लाग्दैन जस्तो छ । तर एकदम गंभीर र महत्वपूर्ण कुरो रहेछ ।

एक पटक बुद्धलाई एकजनाले सोध्यो - धर्म गर्नेहरू सबै स्वर्ग जान्छन् ? बुद्धको उत्तर थियो- जाँदैनन् । किन भनेर सोद्धा फेरि बुद्धले भन्नुभयो- धर्म गरिरहेका सबै व्यक्तिहरूको चित्त शुद्ध हुँदैन । नाम कमाउनको लागि पनि पुण्य गर्ने व्यक्तिहरू छन् । उनीहरू सानो धर्म गरेर ठूलो सुख भोग्ने आशा गर्छन् । फेरि धर्म गर्ने व्यक्तिहरूले जहिले पनि धर्म मात्र गरिरहेका छैनन् । कहिले काहीं पाप कर्म पनि गरिरहेका छन् । त्यसैले धर्म गर्ने व्यक्तिहरू सबै स्वर्ग

जाँदैनन् । कर्तव्य र सेवाभावले धर्म गर्ने व्यक्तिहरू मात्र सुगतीमा जान्छन् ।

फेरि प्रश्न आयो- पाप गर्ने व्यक्तिहरू सबै नर्कमा जान्छन् र ? बुद्धको उत्तर थियो - जाँदैनन् । किन होला भन्ने प्रश्नमा बुद्धले भन्नुभयो- पाप कर्म गरिरहने व्यक्तिहरूले जहिले पनि पापकर्म मात्र गरिरहँदैनन् । पाप कर्म गर्ने व्यक्तिहरू आफ्नो पापकर्मदेखि घृणा गर्दै पापकर्म गर्न डराएर पछि ज्ञानी हुनेहरू पनि छन् । पहिला पाप कर्म गरे पनि पछि खराब कर्म नगरी पुण्य कर्म गर्दै जाने व्यक्तिहरू दुर्गतिमा जाँदैनन् । (सत्यकी खोज)

फेरि एकपटक बुद्धलाई चिनौं । मलाई त बुद्ध चिनाउन नै डर लाग्छ । किनभने पुराना संस्कृति र परम्पराको रक्षा गर्नुपर्छ भन्ने व्यक्तिहरूको लागि बुद्ध शिक्षा अनुकूल हुँदैन । अर्को शब्दमा भन्ने हो भने बुद्ध शिक्षा उनीहरूलाई पच्दैन ।

साँच्चै भन्ने हो भने बुद्धले पुराना संस्कृति, रीतिथिति र परम्परालाई मान्नुहुन्नथ्यो । बुद्ध पहिला कपिलवस्तु जानु भएको बेला घरघरै भिक्षा माग्दै जानुभएको थियो । उहाँले जातिपाति मान्नु भएन । सबै जातले दिएको भोजन स्वीकार्नुभयो उहाँले । यो कुरो सुनी शुद्धोदन राजा हतारिँदै बुद्धसमक्ष गई सोध्नुभयो- सिद्धार्थ ! तिमीले बुद्ध हुने बित्तिकै राजसंस्कृतिलाई बिर्सिदियौं ? बुद्धले भन्नुभयो- अब म राजसंस्कृतिको व्यक्ति होइन । मेरो संस्कृति त श्रमण संस्कृति हो । अर्थात् समतामूलक समाज संस्कृतिको व्यक्ति भएँ म ।

बुद्धले कालाम भन्ने ब्राह्मणहरूलाई भन्नुभएको छ– “धेरै विद्वान भए पनि उसले भनेको कुरा सत्य हो वा होइन ? विचार नगरिकन एकैचोटी विश्वास नगर, किताबमा उल्लेख गरिएको कुरो भन्दैमा त्यसलाई ठीक हो भन्दै विश्वास गर्न हुन्न । किताबलाई बुद्धले प्रामाणिक भनी स्वीकार्नु भएको छैन ।

आजभोलिका बौद्ध समाजले बुद्धको शिक्षालाई बिर्सिएकोले क्रिश्चियनहरूले बाइबल, मुसलमानहरूले कुरान ग्रन्थलाई खूब जोड दिएर समातेजस्तै बौद्धहरूले पनि त्रिपिटकलाई त्यसरी नै समाती त्यसैलाई प्रामाणिक ठानिरहेका छन् । यस्तो भएकोले साम्प्रदायिक धर्मसँग बुद्धधर्म मिल्न गएको देखिन्छ ।

सिद्धार्थनगर (भैरहवा) मा सिद्धार्थ कुमारको मूर्तिलाई दाहिने हातले आशिर्वाद दिइरहेको मुद्रामा स्थापना गरिएको रहेछ । तर किताबको आधार लिई जनमानसमा चर्चा भइरहेको छ, यो मुद्रा त ठीक भएन ।

सिद्धार्थको मूर्तिमा त सिद्धार्थले आफ्नो दायाँ हात माथि उठाई त्यस हातको चोर औंला ठड्याएको हुनुपर्छ । यसको अर्थ हो जन्मना साथै म संसारको अग्र व्यक्ति हुँ भनेर उहाँले संसारमा आफ्नो परिचय दिनु भएको र तर त्रिपिटकमा बुद्धले भन्नुभएको आत्मकथामा उहाँले जन्मने बित्तिकै कुरा गर्नुभएको विषयमा उल्लेख भएको देखिदैन । बुद्ध परिनिर्वाण हुनुभई ५ सय वर्षपछि लेखिएको पाली अर्थकथामा मात्र यो कुरो उल्लेख छ ।

अर्थकथा भनेको त्रिपिटक होइन। ब्राह्मणवाद मिसिएको ग्रन्थ मात्र हो। अर्थकथा लेख्ने व्यक्ति ब्राह्मण भिक्षुहरू हुन्। संस्कृत, बुद्ध जीवनीमा बुद्ध मायादेवीको काखीबाट जन्मनुभएको हो भनी उल्लेख गरे जस्तै पाली ग्रन्थमा पनि उहाँले जन्मने बित्तिकै कुरा गर्नुभयो भनी उल्लेख गरिएको पाइन्छ।

एकपटक प्रज्ञा भवनमा सम्पन्न भएको नृत्यसम्बन्धी समारोहमा मलाई सभापति बनाइयो। त्यसबेला म राष्ट्रिय सभाको सदस्य थिएँ। त्यस सभामा मैले- म नृत्यसम्बन्धी ज्ञान नभएको, नृत्य विषयमा केही सम्बन्ध नभएको भिक्षुलाई किन सभापति बनाएको भनी सोद्धा थुप्रै सहभागीहरू हाँसे। एकजना नेपाल भाषा र संस्कृतिप्रेमी व्यक्ति हुनुहुन्छ। उहाँ मसँग घनिष्ट सम्बन्ध भएको व्यक्ति हुनुहुन्थ्यो। त्यस दिनको मेरो कुरो सुनी उहाँ मसंग बोल्नु पनि भएन मुख पनि हेर्नु भएन। किनभने उहाँ त पुरानो संस्कृतिको रक्षा गर्नुपर्छ भन्ने धारणा भएको व्यक्ति हुनुहुँदो रहेछ।

संस्कृतिप्रेमीहरूले थेरवाद बुद्ध धर्म नेपालको होइन, आयातीत धर्म भन्छन्। त्यसैले बुद्धलाई चिनाउन डर लाग्छ। तर धर्मादित्य धर्माचार्यले भने शुद्ध धर्म थेरवाद धर्म हो भनी प्रचार गरेका थिए। किनहोला कुन्नि ! यस पंक्तिकार थेरवादी व्यक्ति भए पनि थेरवाद, महायान, बज्रयान मान्न मन पराउँदैन। किनभने त्यस्तो शब्द प्रयोग गरिराख्दा साम्प्रदायिक भावना देखा पर्दछ। बुद्ध शासन, बुद्ध यान भन्नु नै ठीक देखिन्छ। बुद्ध सामप्रदायिक होइन। उहाँले बताउनुभएको धर्म साम्पद्रायिक होइन, बुद्ध व्यवहारवादी हुनुहुन्छ। समतामूलक समाज बनाउनको लागि धर्म प्रचार गर्नुहुने उहाँ एक धर्म प्रचारक हुनुहुन्छ। ■

आफूलाई गालि गर्ने मन नपरे....

धेरै जसो व्यक्तिहरूमा पहिले पहिले देखि आजसम्म चलिरहेको नराम्रो संस्कृति एउटा देखा परिरहेछ त्यो हो - आफूलाई कसैले गाली गरे मन नपर्ने र अरुलाई गाली गर्न पाए रमाइलो मान्दै जथा भावी गाली गर्ने । कसैले आफ्नो आलोचना गर्नूको मन न पर्ने भए आफूले पनि अरूको आलोचना नगर्नु यो बुद्धको शिक्षा हो । तर यो बुद्धको शिक्षा पुस्तकमै सीमित भइरहेको देखिन्छ । यो नराम्रो संस्कृति ममा थियो र अलि अलि बाकी छ । भिक्षुहरूमा पनि बुद्धको शिक्षा र अर्ति लागु भइरहेको देखिदैन । बुद्धको पालामा ठुलठूला विवेक बुद्धि भएका र सधैं सचेत भइरहने भिक्षुहरूमा मात्र यो अर्ति लागु भएको देखिन्थ्यो । आज भोलि त आफूलाई गाली र आलोचना गर्नूको मन नपर्ने तर अरुलाई गाली गर्ने अरुको आलोचना गर्ने चलन चल्ति भइरहेको देखिन्छ । यो संस्कृति त सरुवारोग जस्तै फैलिरहेको छ । बुद्धको उपदेश अनुसार कसैले आफूलाई गाली गरिरहेको छ भने तुरुन्तै प्रतिक्रिया नगरी त्यसको केही कारण छ कि भनी अन्वेषण र अनुसन्धान गर्नु आवश्यक छ । ईर्ष्यालुहरूले त विना कारण पनि गाली गर्ने गर्दछ । आमा-बाबु, गुरुहरू र हितैषीहरूले त गल्ति सुधारको लागि गाली गर्ने अर्कै कुरो हो ।

एकदिन गौतम बुद्ध वेलुद्वार नामक ब्राह्मण गाउँमा धर्मप्रचारको शिलशिलामा जानु भयो । त्यसबेला बुद्धिजीवि विवेकी कतिपय ब्राह्मणहरूले भने गौतम बुद्ध ठूलो पवित्र

चरित्रको व्यक्तिहुनु हुन्छ । हाम्रो गाउँमा पाहुनाको रुपमा आउनु भएको छ । जाउँ उहाँको स्वागत पनि गरुं र केही धर्मको छलफलगरुँ भनेर ठूलो समूहका साथै बुद्धकहाँ जानुभयो । गएर अभिवादन गरे पछि कुराकानी गर्दै ब्राह्मणहरूले भने भो श्रमण गौतम ! तपाई हाम्रो गाउँमा आउनु भएकोले हामी खुशी छौं । तपाईको नाम हामीले सुनेका छौं । स्वागत छ तपाईलाई । तपाई समक्ष हाम्रा केही जिज्ञासा राख्न सकिन्छ कि ?

गौतम बुद्धले भन्नु भयो- हुन्छ नि ! म त छलफल गर्ना निमित्त नै यहाँ आएको हुँ ।

ब्राह्मणहरूले भने- हामी गृहस्थी हौं । हामी विवाह गरेर बालबच्चाहरू पालेर बस्न चाहनेहरूहौं । हामीलाई खेतीपाती, सुन-चाँदीको गहणा पनि चाहिन्छ । त्यसैले हाम्रो अनुरोध के छ भने गृहस्थी जीवनमा बस्दै स्वर्गीय जीवनमा बिताउन सक्ने केही उपाय छ कि ? हामी गृहस्थी जीवन त्यागिकन तपाई जस्तो वैरागी जीवन बिताउन चाहन्नौं ।

गौतम बुद्धले भन्नु भयो- गृहस्थी जीवन त्याग्नै पर्छ भन्ने कुरो छैन । तर गृहस्थीहरूको जीवन सुखमय हुने मार्ग बताउने, शिक्षादिने सच्चा वैरागी भिक्षुहरूको पनि आवश्यक पर्छ । तपाईहरू गृहस्थी जीवन सुखमय र स्वर्गीय बनाउन चाहनुहुन्छ भने केही उपादाय बताउँछु । सुन्नुहोस् ।

“तपाईहरूको गाउँमा अरूलाई दु:खदिने, हिंसा आतंक गर्नेहरू छन् ?”

उत्तर थियो- धेरै छन्, मानिसहरूलाई दुःख दिने गुण्डा बदमासहरू थुप्रै छन् हाम्रो गाउँमा ।

गौतम बुद्ध- ती व्यक्तिहरू तपाईहरूलाई मन पर्छ ? उत्तर थियो - मन पर्दैन । त्यसो भए यहाँ भेला भएका बीच त्यस्ता अरुलाई दुःख दिने व्यक्तिहरू छन् कि छैनन् ? अनि उनीहरू एक आपसमा मुख हेरेर चुपलाग्छन् ।

गौतम बुद्ध फेरि सोध्नु हुन्छ - तपाई कहाँ अर्काको वस्तु चोर्ने र लुट्ने व्यक्तिहरू छन् कि ?

उत्तर थियो थुप्रै छन् । अहिले हामी यहाँ आउन घरमा ताला लगाएर आएका छौं ।

गौतम बुद्ध फेरि भन्नु हुन्छ - अरूले चोरी गर्ने र लूट्ने मन पर्दैन भने तपाईहरूले पनि चोरीगर्ने र छल्नेकाम गर्नु भएन ।

बुद्ध फेरि भन्नु हुन्छ- आइमाइहरूलाई बलात्कार र भ्रष्टाचार गर्नेहरू पनि तपाईहरूकहाँ छन् कि ? थुप्रै छन् भनी उत्तर दिए । त्यस्ता भ्रष्टाचार र बलात्कार गर्ने व्यक्तिहरू मन पर्दैन भने तपाईहरूले पनि त्यस्ता भ्रष्ट काम गर्नु भएन ।

बुद्धले फेरि कुरा थप्नु भयो- झूटो कुरा गर्ने, एकता भंगहुने चुक्लि गर्ने, कडाशब्द बोल्ने, गफ्फी बन्नेहरू पनि छन् कि ? रक्सी आदि मादक पदार्थ खाएर मात्तिएर पागल जस्तो हिड्ने र घरमा आइ माईहरूलाई पिट्नेहरू पनि छन् कि ?. उत्तर थियो थुप्रै छन् ।

बुद्ध सोध्नु हुन्छ- त्यस्ता व्यक्तिहरू तपाईहरूलाई मन पर्छ कि पर्दैन ? उत्तर थियो मन पर्दैन । मन पर्दैन भने

तपाईहरूले पनि त्यस्ता मादकपदार्थहरू सेवन गर्नु भएन। तपाईहरू गृहस्थी जीवनमा नै स्वर्गीय आनन्द लिन र अनुभव गर्न चाहनु हुन्छ भने उपर्युक्त नराम्रा चाल चलन र संस्कृतिलाई पनि त्यागी दिनु पर्‍यो।

ब्राह्मणहरूले भने यति नियम पालन गर्न सके गृहस्थी जीवन स्वर्गीय हुन्छ भने हामी तपाईको शिक्षा शिरोपर गर्न तयार छौं। श्रमण गौतम! आज तपाईले राम्रो कुरा र शिक्षा सिकाउन भयो। राम्रो भयो। हामी आफ्नो जीवन भर तपाईको अनुयायी बन्न प्रतिबद्ध छौं। ■

नचिताएको हुन्छ, चिताएको नहुने गर्छ

गौतम बुद्धले भन्नु भएको छ, -"अचिन्तितम्पि भवति, चिन्तितम्पि विनस्सति ।" अर्थात कल्पना नभएको कुरो हुने गर्छ, तर कल्पना गरेको विनाश हुन्छ । ठुलठूला योजना र समारोहको आयोजना गर्छु तर बिघ्न बाधा आएर असफल हुन्छ । कुनै कुनै कल्पना नगरे अनुसारको काम हुने गर्छ । यो संसारको स्वभाव नै रहेछ । धेरै जनालाई दु:ख हुने गर्दछ यस्तो काम एउटा गर्ने योजना थियो तर पूरा भएन । यसको कारण हुनु पर्छ । आफूले ठीकसँग कुरागर्न नसकेको हो वा ठीक सँग काम गर्न नसकेकोले हो अथवा मनले ठीकसँग कल्पना गर्न नसकेकोले हो नचिताएको घटना हुन जान्छ । अदूरदर्शि विचारले पनि कल्पना नगरेको हुने गर्छ, चिताएको काम भने पूरा हुन नसकी विग्रिने हुन्छ । कहिले कहिले न चिताएको काम बन्ने गर्छ । सबै भन्दा बुझ्न न सकिने घटना बुद्धको जीवनीसँग घट्ने घटनाहरू पालिसाहित्यमा उल्लिखित भएको पाइन्छ । त्यो के भने-

गौतम बुद्ध केही भिक्षुहरूसँगै लिएर देवदह (जहाँ कि महामाया र यशोधराको माइतीघर) मा भिक्षाटन जानुभयो । भिक्षुसंघ सहित बुद्ध भिक्षाटन जानु भएको कुरा यशोधराको पिता सुप्रबुद्ध कोलियशाक्यले थाहा पाउनु भयो । सिद्धार्थले आफ्नी छोरी यशोधरा देवीलाई छोडेर गए देखि रिसाई रहनु भएको सुप्रबुद्धले शाक्यमुनि बुद्धलाई देवदेह इलाकामा पाइला टेक्न न दिने मात्र होइन भिक्षा पनि प्राप्त नहुने प्रबन्ध र

योजना बनाइ दिए । गुण्डाहरू साथलिई ठुलठूला रूखहरू काट्न लगाइ बाटो बन्द गराइ दिए ।

गौतम बुद्ध भिक्षाटन जान पाउनु भएन । त्यो दिन भोकै बस्न बाध्य भयो । बुद्धले भिक्षुहरूलाई भन्नुभयो - आज नचिताएको घटना हुन पुग्यो । तिमीहरूले दु:ख न मान्नु । सुप्रबुद्धले गर्ने नहुने पाप कर्म गर्नु भयो । सातौं दिनमा आफूले गरेको पापको फल भोग्ने छ । भऱ्याङ्गबाट खसेर दुर्गती हुने छ उसको ।

यो कुरा सुप्रबुद्धको कानमा पुग्यो । सुप्रबुद्धले सोच्यो बुद्धको कुरा फरक हुँदैन । तै पनि म सात दिनसम्म भऱ्याङ्गबाट न खस्नेगरी सुरक्षित ठाउँमा बस्नेछु । अनि बुद्धको कथन झूटो हुने छ । अनि म प्रचार गर्छु बुद्धले झूटो कुरा गर्नु भयो ।

सुप्रबुद्धले सातदिन सम्मको लागि खानेकुरा र सेवकहरूका साथै बुइगलमा बस्न गयो र आदेश दियो भऱ्याङ्ग निकाली देउ ।

सुप्रबुद्धशाक्यले दिनहुँ चढ्ने घोडाले आफ्नो मालिक देख्न न पाएकोले पागल हुन थाल्यो । आफ्नो मालिक खोज्न बाँधी राखेको डोरीलाई नै चुँडिने गरी छटपटाउन थाल्यो । यो खबर सुप्रबुद्धले सुन्नासाथै हतर पतर दौडेर गएको त भऱ्याङ्ग निकालिएको ख्याल रहेन । खसेर मुर्छित भयो ।

बुद्धले यो कुरा सुनिसकेपछि भन्नुभयो- नराम्रो काम गरेको फल समुद्रमा गए पनि, आकाशमा बसे पनि र गुफामा बसे पनि भोग्नै पर्ने हुन् । यस बाट बच्न सक्तैन । जसले पाप गर्छ, उसले पाप कर्मको फल भोग्नै पर्छ ।

यहाँ स्मरणीय कुरो के छ भने - बुद्ध जीवनी पढ्दाखेरि बुद्धमा अलौकिक शक्ति छ मतलब आकाशबाट उडेर जान सक्ने शक्ति छ भनेर पढियो, तर देवदहमा भिक्षा जाँदा खेरि सुप्रबुद्ध शाक्यले बाटो बन्द गरिदिंदा बुद्ध उडेर जानु भएन किन होला ? ■

हाजिर भइन् । न्यायाधिशले सोधे- तिमी आमासँग बस्न चाहन्छ्यौ कि बाबुसँग ?

मूर्खसित झगडा नगर्नु

हाम्रो समाजमा पढ्लेख नजानेकाहरूलाई अशिक्षित भनेर घृणा गर्ने चलन छ । तर कुनै कुनै व्यक्तिहरू पढ्न-लेख्न नजानेका भएतापनि उनीहरूमा कुशाग्र बुद्धि र अनुभव प्रशस्त भएको पाइन्छ। म बर्मा (म्यान्मार) मा चार/पाँचचोटी गइसकें । मैले त्यहाँका केही ऐतिहासिक र केही सामाजिक रोचक घटनाहरूको जानकारी पाएँ। त्यही रोचक घटनाहरू पाठकहरूलाई पनि काम लाग्छ कि भन्ठानेर यहाँ प्रस्तुत गर्न लागेको छु ।

एक दम्पतिको परस्परमा बेमेल भयो । उनीहरू अलग बस्न थाले । पारपाचुके पनि भयो । उनीहरूकी एक मात्र छोरी आमाचाहिंसँग बसिन् । छोरी ८-९ वर्षकी थिइन् । एकदिन लोग्नेले छोरी मैले नै पाल्छु भनेर मुद्दा हाल्यो । त्यसपछि दुवै पूर्व लोग्ने-स्वास्नीलाई अदालतमा उपस्थित गराइयो ।

न्यायाधीशले प्रश्न गरे - "कोसँग बस्ने भन्ने कुरा बच्चीको इच्छामा निर्भर रहने कुरा हो । त्यसकारण छोरीसँग सोधर मात्र यसबारेमा फैसला हुन्छ । आमा-बाबु दुवैले छोरीले भनेअनुसार स्वीकार गर्ने इच्छा छ कि छैन ।" दुवैले भने- स्वीकार छ ।

त्यसो भए छोरीलाई बोलाउनुपर्‍यो । छोरी अदालतमा हाजिर भइन् । न्यायाधिशले सोधे- तिमी आमासँग बस्न चाहन्छ्यौ कि बाबुसँग ?

छोरीले भनिन् - म त आमा-बाबु दुवैसँग बस्न चाहन्छु ।

त्यसपछि न्यायाधिशले फैसला सुनाए- "छोरीको इच्छा अनुसार दुवै जोइ-पोइ मिलेर बस्नु ।" यसले गर्दा न्यायाधीशको र छोरीको इच्छाअनुसार छुट्टिएका दम्पतिको मेलमिलाप भयो र परिवारमा शान्ति स्थापना भयो ।

सोमबार र मंगलबारको झगडा

दुई जना साथीबीच सोमवार र मंगलवारको बारेमा झगडा शुरु भयो । एकजनाले आजको दिन सोमवार हो भन्यो । अर्कोले चाहिं क्यालेण्डर हेरेर आज सोमवार होइन, मंगलबार हो भन्यो । दुवैमा जोश चल्यो । मुक्का-मुक्की भयो । पुलिस बोलाउनुपर्‍यो । दुवैलाई थानामा लगियो । त्यहाँबाट फैसला भएन । मुद्दा अदालतमा पुग्यो । अदालतमा पुगेपछि न्यायधीशले दुवैजनाको कुरा सुनेर सोमवार भन्नेको पक्षमा न्याय गरी दिनुभयो ।

क्यालेण्डर हेरेर मंगलवार हो भन्ने व्यक्तिले फैसलाको विरोध गर्‍यो "यो त सरासर महाअन्यायको पक्षमा न्याय भयो । झूठ बोल्नेको पक्षमा कसरी न्याय दिइयो," उसले प्रतिवाद गर्‍यो ।

न्यायाधीशले उत्तर दिए - तिमीले क्यालेण्डर हेरेर मंगलवार हो भन्ने कुरा थाहा पाउँदा पाउँदै पनि त्यो आज सोमवार हो भनेर जिकिर गर्ने मूर्खसँग किन झगडा गर्‍यौ । क्यालेण्डर हेरेर मंगलवार हो भन्ने थाहा पाएपछि किन मुक्कामुक्की गर्‍यौ । मूर्ख भनेर थाहा पाएर पनि तिमीले झगडा गरेकोले तिमीले हारेका हौ । त्यसपछि मंगलवार भन्नेले महसूस गर्‍यो, मूर्खसित झगडा गर्ने आफैं मूर्ख हुँदोरहेछ ।

मन्त्रीको बुद्धि

बर्मामा बिहे गरेपछि पहिलो सन्तान छोरी होस् भन्ने सबैको चाहना हुन्छ। छोरीलाई पनि पैतृक सम्पत्ति दिनुपर्छ भनेर विधेयक ल्याउनुपर्दैन। जनताले नै नियम पास गरेका छन्- छोरी र छोरामा केही भेद छैन। छोरीलाई पनि समान अधिकार छ। पहिलो सन्तान छोरी होस् भनेर प्रार्थना गर्ने चलन नै स्पष्ट छ - बर्मामा छोरीलाई समान अधिकार छ।

बर्माको इतिहासको पुस्तकमा यस्तो घटना उल्लेख छ- एकजना राजा पहिलोपल्ट छोरी पाएकोले साह्रै आनन्द र उमङ्गले गद्‌गद् भए। राजाले एकजना मन्त्रीलाई बोलाएर भने - ए मन्त्री, मलाई छोरी पाएकोले खूब आनन्द भयो, तपाईलाई कस्तो लाग्यो, भन्नोस् त !

त्यो मन्त्री अकबरको मन्त्री वीरबल जस्तै ख्यालठट्टा गर्ने खालको थियो ? उसले तुरुन्तै भन्यो- महाराज ! पखाला लाग्नेबेलामा खूब पेट दुख्छ। त्यस्तै दिसा गरेपछि पेट खूब हल्का र आराम हुने हुन्छ। पुत्री-लाभ भएको खबरले मलाई त्यस्ते अनुभव गराएको छ।

मन्त्रीको बोलीको अर्थ राजाले बुझ्न सकेन। राजालाई रिस उठ्यो। यो कुरालाई मन्त्रीले बुझ्यो र विचार गर्न थाल्यो - अबचाहिं आपत आउने भयो। राजाले मेरो भनाइको अर्थ बुझ्नुभएन। अब कसरी बुझाउने, उसले उपाय खोज्न थाल्यो।

उसले नगरमा एउटा उत्सवको आयोजना गर्‍यो, जहाँ कि राजाको सवारी नभै नहुने थियो। राजा हात्ती चढेर जाने

तयार थिए । मन्त्रीले त्यसभन्दा अगाडि राजालाई चिया ख्वाउँदा चियामा औषधि मिलाई दियो, जसले गर्दा आधाघण्टापछि दिसा लाग्ने हुन्छ । समारोह स्थल पनि अलि टाढा नै थियो । राजालाई पेट दुख्न थाल्यो । दिसा जान मन लाग्यो । अलि सहेर बसे । सहजै सहनै नसक्ने अवस्था आइपुग्यो । राजालाई आपत पर्‍यो । मुख रातो भएर आयो । अनि राजाले त्यो मन्त्रीलाई भने- मन्त्री, मलाई त पाइखाना जानुपर्‍यो ।

मन्त्रीले भने- महाराज ठाउँ नजिकै छ । एकछिन धैर्य गरिबक्स्योस् ।

राजालाई त असह्य भयो । पछि दिशा गर्न व्यवस्था मिल्यो । राजालाई साह्रै आनन्दको अनुभव भयो ।

मन्त्रीले सोध्यो- महाराज ! अहिले कस्तो छ ? अराम छ ? राजाले जवाफ दिए- खूब आराम छ ।

महाराज़, अस्ति महाराजको छोरी पाएको खबरले मलाई लागेको आनन्द पनि त्यस्तै थियो । तर मेरो कुरा सरकारलाई निको लागेन । अब त बुझ्नुभयो होला ? यो सुनेर राजा टाउको हल्लाउँदै थिए । ■

भन्न सजिलो, गर्न गाऱ्हो

एक दिनको कुरो- बुद्धसमक्ष एक जना विद्धान गएर यसरी प्रश्न सोधेछ- 'गौतम ! आफू बूढो नभएसम्म आफ्नो भलो हुनका लागि के गर्नुपर्दोरहेछ ?"

बुद्धको उत्तर थियो -"बूढो नभएसम्म आफ्नो भलो चाहने व्यक्ति शील सदाचार गुणले सम्पन्न हुनुपर्दछ। अर्थात्, बानी व्यहोरा राम्रो हुनु नै बूढो नभएसम्मका लागि भलो हुने गुण हो ।" (संयुक्त निकाय)

पाली साहित्यमा व्याख्या गरिएअनुसार जीवन सुखमय बनाउनका लागि शील, आचरण र चरित्र राम्रो हुनुपर्छ । नैतिकवान हुनु; दृष्टि पवित्र हुनु; घमण्डी नबन्नु; आफूमा नभएका गुणहरूलाई पनि आफूमा भएको जस्तो गरी झूठो आडम्बरी नदेखाउनु; अरुलाई बाधा नपर्ने गरी बाँच्नसक्नु; अरुको विश्वासपात्र बन्नसक्नु अर्थात् छलकपटी नबन्नु र कोमल स्वभाव हुनु आदि सबै शील सदाचारमा समाविष्ट गुणहरू हुन् । मानिसको व्यक्तित्व पनि यी गुणहरूमा आधारित हुन्छन् ।

माथि उल्लेख गरिएका नैतिक गुणहरूमध्येबाट केही अंश भए पनि मानिसहरूमा समावेश होस् भन्ने मनसाय र उद्देश्य राखेर नै संघ-संस्थाहरू स्थापना गरेर धर्म प्रचार गर्ने गरिन्छ । यसको लागि संघ-संस्थाका पदाधिकारीहरूमा पनि ती राम्रा नैतिक गुणहरूमध्ये केही गुणहरू (महत्त्वाकांक्षी भावना नहुनु; मादकपदार्थ सेवन नगर्नु; घमण्डी नबन्नु र

आफ्नो मात्र प्रभुत्व जमाउन नखोज्नु) समावेश हुनु आवश्यक देखिन्छ । यी बाहेक धर्म प्रचारका अरु माध्यमहरू, प्रवचन, पूजाआजा र पुस्तक प्रकाशन आदि पनि हुन् । यसका अतिरिक्त बूढो नभएसम्म आफ्नो भलो चाहने हो भने बुद्धले बताउनुभएको शिक्षा सदाचारी बन्नुलाई कदापि बिर्सनुहुँदैन । धर्म प्रचारको ठोस माध्यम मालिक बनेर होइन; सेवक बनी कार्य गर्नुलाई मानिन्छ ।

बुद्ध धर्म भन्नु नै खास गरी वर्तमान जीवनलाई कलंकरहित बनाई निर्वाह गरेर बस्ने जीवनपद्धति हो । यसैले बुद्धधर्मलाई मरिसकेपछि सुखी हुनका लागि भनी ठान्नु मूर्खता ठहरिनेछ; किनभने वर्तमान जीवन सुखी र सफल नभएसम्म भविष्य उज्ज्वल हुनसक्दैन । त्यसैले यसको लागि मानिसको जीवन-चरित्र, बानी-व्यहोरा र रहनसहन राम्रो हुनु अनिवार्य देखिन्छ । रहनसहन राम्रो हुनु भनेको विलासी जीवन बिताउनसक्नुलाई भनिएको होइन । राम्रो आचरणसहितको राम्रो बोलीवचन भएजस्तै निःस्वार्थ र शुद्ध चित्तले काम गर्नसक्नुलाई भनिएको हो । त्यसैले बुद्धले शीलाचरण राम्रो हुनुपर्छ भन्ने कुरामा जोड दिनुहुँदै आध्यात्मिक शक्ति नै नैतिक बलमा निहीत भएको कुरा बताउनुभएको छ ।

आजकाल त शील सदाचार भन्नु नै पञ्चशील प्रार्थना गर्नु हो भन्नेमा सीमित रही त्यसलाई पालना गर्ने कार्यतिर त्यति ध्यान दिइएको देखिदैन । त्यसैले शील विषयमा अझ विस्तृत अध्ययन र चर्चा गरौं ।

शील भनेको नराम्रो काम नगर्नु मात्र होइन र राम्रो कार्य गर्नु मात्र पनि होइन । यसको अतिरिक्त आफू-आफ्ना व्याप्त रहेको संकीर्ण विचारधारालाई त्यागी आफ्नो मनलाई शुद्ध पार्नु हो । अनि मात्र सबैको रमाइलो हुनेछ । यही सन्दर्भमा चीनको एउटा घटना यहाँ उल्लेख गर्न चाहन्छु ।

एकजना चीनियाँ भिक्षु तावलिङ्ग रुखको हाँगामा आसन जमाई ध्यान गरिरहेका थिए । एक दिन दार्शनिक पो-चु-ई (वर्तमान जीवनबाट टाढा रहेको परलोक र यो विश्व कसरी निर्माण भयो आदि विषयमा चिन्तन गरिरहने व्यक्ति) त्यही रुखमुनि पुगेर रुखको हाँगामाथि बसी ध्यान गरिरहेका तावलिङ्ग भिक्षुलाई देखेर "खतरा ! खतरा !" भन्दै कराउन थालेछ । यस शब्दलाई सुन्नेबित्तिकै रुखमाथि बसिरहेको भिक्षुले पनि "खतरा ! खतरा !" भन्दै कराउन थाल्यो ।

अनि दार्शनिकले आश्चर्य मान्दै सोधेछ- "होइन; हामी जमीनमा बस्नेहरू त त्यसै पनि सुरक्षित नै छौं नि ! हामीलाई यहाँ कुनै खतरा नै छैन । तिमी रुखमाथि बसिरहेकोले तिमीलाई मात्र खतरा भएको छ । उल्टो तिमीले मलाई खतरा भन्दै किन गिज्याउँछौ हँ ?"

रुखमाथिको भिक्षुले भन्न थाल्यो- "रुखमाथि बस्नेलाई भन्दा रुखमुनि बस्ने व्यक्तिलाई रिँगटा लागेको देखियो । त्यसैले जसको धयान समाधि बलियो हुन्छ- उसलाई जहाँ बसे पनि खतराको अनुभव हुँदैन र ऊ जहाँ बसे पनि सुरक्षित नै हुनेछ । किनभने, उसको मन स्वच्छ र पवित्र हुन्छ । तर, जब मानिस चेतनाहीन हुन्छ; उसको ज्ञान परिपक्व

हुनेछैन । त्यो व्यक्ति रुखमाथि त के; ढुंगाको गुफाभित्र लुकेकर बसे पनि सुरक्षित हुनेछनै ।

यसरी रुखमाथि बसेर निर्भिक र सत्य कुरा गर्दैरहेको भिक्षुलाई देखेर दार्शनिक पो-चु-ई छक्क पर्दै भिक्षुसँग प्रश्न सोध्यो- तपाईं को हुनुहुन्छ ?

भिक्षुले भन्यो - "म बुद्धको शिक्षा प्रचारक बौद्ध भिक्षु हुँ ।" दार्शनिक -"त्यसो भए बुद्धको मूल शिक्षा के रहेछ- मलाई पनि बताउनूस् !"

भिक्षु -"लौ त, ध्यान दिएर सुन्नूस् । नराम्रो काम नगर्ने; असल कामको अभ्यास गर्ने र आफ्नो चित्तलाई शुद्ध पार्दै लाने । यही नै बुद्धको मूल शिक्षा हो ।"

दार्शनिक पो-चु-ई निराश हुँदै भन्न थाल्यो - यो कुरा त भर्खर ३ वर्षे बालकलाई पनि थाहा छ । यस्तो पनि बुद्ध शिक्षा हुन्छ ?

भिक्षुले भन्यो - ३ वर्षे बालकदेखि १०० वर्षे बूढोले समेत थाहा पाएका यी तीन कुरालाई आफ्नो जीवनमा अभ्यास गर्ने व्यक्तित्वहरू कति जना छन् त ? कोही पनि छैनन् भने पनि केही फरक पर्दैन ।

दार्शनिकले विचार गरेर भन्यो - अहो ! बुद्धको मूल शिक्षालाई बुझ्न त सजिलो रहेछ । बुझ्नेजस्तै शिक्षालाई पालन गर्नेहरू त धेरै नै कम रहेछन्; किनभने यस शिक्षालाई बुझ्न सजिलो भएजस्तै पालन गर्नु त्यति सजिलो रहेनछ । अर्थात्, यस शिक्षा पालन गर्ने कार्य मामुली रहेनछ । भन्न सजिलो; गर्न गाह्रो भनेको पनि यही रहेछ । ■

योग्य देशमा बस्नु मंगल हो ।

गौतम बुद्धले भन्नुभएको थियो- सबैभन्दा ठूलो लाभ स्वास्थ्य-लाभ हो । स्वास्थ्य ठीक नभएको मानिस जति ठूलो घर र पैसा तथा परिवार भए पनि उसको जीवन नरकतुल्य हुन्छ । त्यसो त आजभोलि कतिपय मानिसहरू स्वास्थ्य उपचार गर्न नसक्ने वा औषधि उपचार गरेर पनि छिटो निको नभएपछि आत्महत्या पनि गर्नथालेका छन् ।

बुद्धको भनाइअनुसार, स्वास्थ्य ठीक नहुनाका धेरै कारणहरू छन् । तीमध्ये यहाँ मुख्य-मुख्य बुँदा मात्र उल्लेख गर्ने अनुमति चाहन्छु ।

१) पौष्टिक खानाको अभाव,
२) अनुपयुक्त बासस्थान,
३) कलह गर्ने व्यक्ति र सरुवा रोगीसँग सामिप्यता,
४) खराब मौसम,
५) विचारधारा नमिल्ने मानिससँगको बस्उठ,
६) फोहार र अस्वस्थ वातावरण,
७) मनपर्ने व्यक्तिसँग बस्न नपाउनु ।

अनुकूल र शक्ति बढ्ने खानाको अभाव अर्थात् कुपोषणले गर्दा विश्वमा महिनामा लाखौं बालबालिका र गरीब जनता मर्ने गर्दछन् ।

बास्थान अनुकूल नहुँदा अर्थात् एउटै कोठामा सुत्ने, खाना पकाउने र रोगी पनि त्यही कोठामा बस्नुपर्ने हुँदा स्वास्थ्यको कन्तविजोग हुन्छ । डेराको जीन्दगी र सुकुम्बासी टोल यसका उदाहरण हुन् ।

झगडालु व्यक्तिसँग बस्नुपर्दा कहिले पनि मनमा शान्ति हुँदैन । कलह गर्ने मानिसले आफ्नो गल्ती र कमजोरी महसुस गर्दैन; अर्काको दोष मात्र देख्छ । यसले पनि मानसिक चिन्ता हुन्छ र स्वस्थ रहन दिँदैन ।

मौसमअनुसार जाडोमा न्यानो लुगा र गर्मीमा हलुका लुगा तथा सुरक्षित घर हुनैपर्छ । भारतमा र बंगलादेशमा जाडोमा न्यानो लुगा लाउन नपाउँदा प्रत्येक वर्ष सयकडौं मानिस मर्नेगर्छन् । हालै अमरनाथमा २५० जति तीर्थयात्रीहरू मरेका छन्, किनभने उनीहरूले न्यानो लुगा र सुरक्षित स्थान पाउनसकेनन् । हाम्रो नेपालको सिलू, गोसाइँकुण्ड जानेहरू पंनि न्यानो लुगा र ओढ्ने नपाउँदा जाडोले मर्नेगरेका छन् ।

स्वच्छ विचार नभएका व्यक्तिहरूसँग बस्नुपर्दा मानसिक रोगले समात्नेगर्छ । मानसिक रोगको औषधि पाउनु सजिलो छैन ।

स्वास्थ्यको ठूलो शत्रु हो - फोहोर । हामीकहाँ पानी धमिलो मात्र हुनेगर्दैन; गुहू मिसिएको पानी धाराबाट निस्किनेगर्दछ । रत्नपार्क, वीरअस्पतालअगाडि र बिजुली अड्डा अगाडिको दुर्गन्धित वातावरणले कसरी स्वास्थ्य लाभ हुन्छ ? हामी किन तारका बार लगाएर फूलबारी बनाउन सक्दैनौं । ३२ जनाको मन्त्रिमण्डल विस्तार गर्नसक्ने, २०-३० लाख खर्च गरेर बगैंचा बनाउनचाहिं नसक्ने ? त्यत्तिका नगरप्रहरी र अरू प्रहरीहरू छन्; हामी किन रत्नपार्कलाई नरकपार्क बन्नबाट बचाउन सक्दैनौं ? महानगरपालिका मेयर पी.एल. सिंहको पालामा रत्नपार्कको चारैतिर हरियाली र रंगीचंगी फूलबारी हुने आशा थियो; किनकि नगरप्रमुख बन्नलाई नारा नै थियो -"स्वच्छ, सफा, हराभरा काठमाडौं ।" तर, नगर कसरी हराभरा बनाउने भन्ने तरिका

सिक्न देश विदेश भ्रमण गर्दागर्दै उहाँको ५ वर्ष सिद्धियो ।

आजको प्रजातन्त्रको विशेषता नै अप्रिय मानिससँग बस्नुपर्ने बाध्यता हो । स्वतन्त्रता, स्वेच्छाचार, निजीकरण नीतिको वातावरणमा कहाँ प्रिय व्यक्ति पाउनु ? धनमुखी, बिलासीमुखी, स्वार्थमुखी व्यक्तिको संख्या झन्-झन् बढ्दैछ । इमान्दारितालाई त कहाँ ठाउँ छ र ?

स्वास्थ्य-लाभको लागि औषधि उपचार चाहिन्छ । तर, औषधि पैसावालाको लागि मात्र उपलब्ध छ । निमुखा र गरीब जनताको उपचारका लागि छिमेकी मित्रराष्ट्र भारत र मित्रदेश रूस तथा जापानले अस्पताल बनाई अनुदान दिएको छ । तर, त्यहाँ गरीबहरूलाई त के मध्यमवर्गलाई पनि आवश्यक उपचार उपलब्ध छैन । भर्ना हुनलाई क्याबिन पाउन पनि आफ्नो मान्छे चाहिन्छ ।

बुद्धकालमा पनि भिक्षुहरूलाई नि:शुल्क उपचार गरिदिने बिम्बिसार राजाको आदेश थियो । योग्यजीवक वैद्यलाई दरबारीकरण गरिदियो । नि:शुल्क उपचार र खानाको लागि थुप्रै गरीब जनता भिक्षु बन्न आउनथाले । रोग निको भइसकेपछि उनीहरू फेरि गृहस्थी बनी घर फर्कन्थे ।

स्वास्थ्य उपचार गर्नुभन्दा रोग नलाग्ने व्यवस्था भए झन् सुविधा र जीवन सुखमय हुन्थ्यो । त्यसको लागि स्वच्छ पानी र स्वच्छ वातावरण तथा सफाइको व्यवस्था हुनुपऱ्यो । साधारण जनमानसमा सफाइको चेतना जगाउने टी.भी. र रेडियो तथा अखबारद्वारा मात्र प्रचार भएर पुग्दैन । गाउँ-गाउँमा, टोल-टोलमा सफाइ र स्वास्थ्यसम्बन्धी चलचित्र देखाउनुपर्छ । चलचित्र देखाउँदाखेरि साँस्कृतिक कार्यक्रम, खेलकुद र ऐतिहासिक स्थलहरूको झलक २५ प्रतिशत मिसाएर

देखाउनुपर्छ; अनि मात्र गाउँले जनताले रुचिका साथ हेर्न आउँछन् । मैले श्रीलंका, भारत र चीनमा यो तरिका देखेर आएको छु ।

मैले एक ठाउँमा हेरेको थिएँ- एउटा बच्चालाई क्षयरोगले सताएको थियो । त्यो बच्चा एकदम दुब्लोपातलो थियो । उसलाई इञ्जेक्सन दिनु थियो । बच्चा इञ्जेक्सन लिन मान्दैनथ्यो । त्यसपछि डाक्टरहरूले चलचित्रमा त्यस्तै खाले रोगी बच्चालाई इञ्जेक्सन दिएको देखाएर नशा-नशामा इञ्जेक्सन घुसेर रोगका किटाणुलाई मारेको, किटाणु सखाप भएपछि बच्चाको रोग सुध्रिँदैगएको, खानामा रुचि बढ्दैगएको र मोटाउनथालेको देखेर बिरामी बच्चाले पनि आफ्नो हात फैलाएर भन्न थाल्यो - मलाई पनि इञ्जेक्सन दिनूस् ।

जथाभावी दिसा-पिसाब गर्दाखेरि फोहरमा झिंगा बस्दछ र घर-घरमा गएर खानेकुरामा बसी फोहर पारिदिन्छ । त्यस्तो खानाबाट कसरी रोग सर्छ, दिसा पखाला हुन्छ, बान्ता हुन्छ र मानिस मर्छन्- त्यस्तै चलचित्र बनाएर देखाउनुपर्छ । सूचना मन्त्रालयमा चलचित्र देखाउने प्रोजेक्टर मेशिन खिया लागेर थन्काइएको छ ।

स्वास्थ्य मन्त्रालयमा पनि त्यस्तै स्थिति छ । मैले पञ्चायतकालमा सूचना मन्त्रालय र स्वास्थ्य विभागसित परिचित डा. थीरमान शाक्य र नर्श तारादेवी तुलाधरहरूको सहयोग लिइकन बनेपामा दुई-तीनचोटी त्यस्तो चलचित्र देखाएँ । मोटर र खानाचाहिं आफैंले प्रबन्ध गर्नु पर्दोरहेछ । यसप्रकार सफाइ र स्वास्थ्यसम्बन्धी गाउँ-गाउँमा, टोल-टोलमा चलचित्रमार्फत् प्रचार गर्नसके जनचेतना आउँथ्यो कि ! ■

मानिसको आचरण उन्नति र पतनको कारण

मानिसको जीवन सुखमय र शिक्षित हुन शिक्षा अर्थात अध्ययन नभै नहुने हुन्छ । शिक्षा भनेको पढेर ज्ञानी हुने औषधि र उपाय हो । तर, पढेर मात्रै ज्ञानी र शिीक्षत हुने भन्ने चाहिं पक्कै होइन । ज्ञान बाहिर बाट आउँछ, ज्ञानी भित्रबाट हुन्छ । पढेर र सुनेर आफ्नै मनले वा ज्ञानले सम्झी यो राम्रो हो, यो नराम्रो हो भनी बुझी महसुस गरी सतर्क हुनसके मात्र शिक्षित र ज्ञानी हुनसकिन्छ ।

आमाबाबुले आफ्ना छोराछोरीलाई स्कूलमा पढ्न पठाउनुको दुईटा कारण छन्- पढेर आफ्नो बच्चा ठूलो मानिस बनोस् र ज्ञानी पनि होस् । शिक्षा भनेको स्कुलमा पढेर मात्र प्राप्त हुने कुरा होइन । सज्जनहरूको संगत र राम्रो कुरा सुनेर पनि शिक्षा लिन सकिन्छ । तर डाडुले दिनका दिन तरकारी चलाए पनि तिहुनको स्वाद थाहा नपाए जस्तो संगत गरेर मात्र कहाँ शिक्षा पाइन्छ र ? चालनीबुद्धि मानिस कहिल्यै पनि शिक्षित हुनसक्दैन । चालनीले राम्रो जत्रि फाली दिन्छ, नराम्रो मात्र स्वीकार गर्छ, जम्मा गर्ने गर्छ । नाङ्लोबुद्धि मानिस शिक्षित र ज्ञानी हुनसक्छ । नाङ्लोले काम नलाग्नेलाई बाहिर फालिन्छ र काम लाग्ने मात्र बचाउने, जम्मा गर्ने काम गर्छ । आजभोलि त चालनीबुद्धि भएका मानिसहरूको संख्या बढी देखिन्छ तर नाङ्लोबुद्धि र विवेकवृद्धि भएका मानिसहरूको संख्याम ह्रास भइरहेको देखिन्छ ।

स्कूलमा गएर नपढी देश-विदेशको भ्रमण गरेर पनि शिक्षा लिन सकिन्छ, ज्ञानगुण हासिल गर्न सकिन्छ । नाँच या नाटक हेरेर पनि शिक्षा लिन सकिन्छ, सिनेमा र टी.भी. हेरेर पनि शिक्षा लिन सकिन्छ । तर, राम्रो मात्र नाङ्लोले जम्मा गरे जस्तैं राम्रो काम टिपेर लिन सक्नुपर्छ । तर आजभोलि त सिनेमा हेरेर चरित्र भ्रष्ट हुने कुरा मात्र सिक्ने र प्रेरणा लिनेहरू बढी देखिन्छन् ।

बुद्ध धर्मअनुसार पढेलेखेर विद्वान भएकोलाई मात्र शिक्षित भनिदैन । साँच्चै नै विद्वान र सभ्य त्यसलाई भनिन्छ, जो पढेलेखे अनुसार सदाचारी हुन्छ, आमाबुबा, जेठा तथा गुरुजनहरूको सम्मान गर्न जानेको छ, घमण्डी हुँदैन, अनपढ र गरीबहरूलाई हेला गर्दैन । अशिक्षितहरूलाई तालीम दिन सजिलो छैन । तर, मनोवैज्ञानिक तरिकाबाट सम्झाई-बुझाई शिक्षा दिनसके तालिम हुन्छ, पढेलेखेका विद्वानहरूले राम्रो विकासको काम गर्नेप्रति ईर्ष्या र डाह गर्दैनन् । 'एकतामा अनेकता' ल्याउँदैनन् । आफूलाई पनि अरुलाई पनि हित र भलो हुने, उपकार हुने काम गर्छन् । यस्ता गुणभएका व्यक्ति शिक्षित र विद्वान भनिन्छन् ।

आजभोलि अपवादस्वरुप मानिसहरू आई.ए., बी.ए आदि पास भएपछि घर-गृहस्थीको काम गर्न मन पर्दैनन् । तरकारी आदि किन्न बजार जाऊभन्दाखेरि पढेर परीक्षा पास गरेको पसल गएर किनमेल गर्नलाई होइन । तरकारी किन्न जाने काम त अक्षर पढ्न नजान्नेहरूको काम हो, नोकरको काम हो भन्ने सुनिन्छ । पढेपछि सेवक बन्ने होइन, मालिक बन्नखोज्ने दास प्रवृत्ति कहाँबाट आएको ? यो शिक्षानीति नै

"च्योबुद्धि" दासबुद्धिको हो कि ! केही पढेलेखेका छोरा-छोरीबाट घरको कामकाज नहुने भएपछि केहीले भन्न थालेका छन्, "आजभोलि पढेलेखेको छोरा-बुहारीबाट घरको कामकाज नहुने भएपछि केहीले भन्न थालेका छन्, "आजभोलि अनपढ छोरा-बुहारी र छोरी नै ठीक" छोराहरूलाई पढाउन पनि नमिल्ने भएको छ। पढेलेखेकाहरूले बूढाबूढी आमाबाबुहरूको वास्ता गर्दैनन् भन्न थालेका छन् ।

पाली साहित्यको पराभव सूत्र अनुसार बुद्धले भन्नुभएको छ- "सुविजानो भवं होति सुविजानो पराभवो" अर्थात् - पढेलेखेको मान्छे उत्थान पनि हुन्छ, पढेलेखेको मान्छे पतन पनि हुन्छ। कुनै कुनै पुस्तकमा यसरी अर्थ लेखिएको पाइन्छ - उन्नति र पतन हुने उसको आचरण अनुसार हो ।

साधारण समाजको व्यवहारतिर दृष्टि राख्दा के देख्न पाइन्छ भने पढेलेखेर मात्र मानिस शिक्षित हुदैन, ठूलो मानिस बन्दैन । शिक्षित वर्गले नै ठूला ठूला गल्ती र अपराध गरिरहेको पाइन्छ। पढेलेखेका शिक्षित व्यक्तिहरूले (भिक्षुहरूले) पनि भन्नेलाई भन्ने देऊ भनी ह्यामी हृदय भई बस्दछन् लाज, शर्म र भयहीन भएका छन् । मानिसको व्यवहारले नै उसको शिक्षितपन र विद्वता चिन्न सकिन्छ। कामले मानिस उच्च र नीच हुन्छ भनेर बुद्धले भन्नुभएको प्रमाण वसल सूत्रमा छ। "न जच्चा वसलो होति न जच्चा होति ब्राह्मणो" अर्थात् जन्मले कोही पनि नीच र ब्राह्मण हुँदैन । "कम्मना वसलो होति कम्मना होति ब्राह्मणो" - अर्थात् कामले नीच र ब्राह्मण हुन्छ ।

पढेलेखे अनुसार इमान्दारीपन र अलि निःस्वार्थी हुनसके राम्रो हुने अझ आफ्ना कमजोरी र गल्ती महसुस गरेर आत्मालोचना गर्नसके 'सुनमाथि सुगन्ध' थपिने हुन्छ। शिक्षाको महत्व पनि बढ्छ। देशको संस्कृति र सभ्यता पनि सुरक्षित हुन्छ। पुरानो कला, वस्तु र रीतिस्थितिको रक्षा गर्नु मात्रलाई संस्कृति भनिदैन । मानिसको सभ्य जीवनसित संस्कृतिको घनिष्ट संम्बन्ध छ। संस्कृतिको रक्षाको लागि आर्थिक जीवनमा पनि सुधार आउनुपर्छ । जति भए पनि नपुग्ने तृष्णाको जालमा फस्नेले पनि संस्कृतिको रक्षा गर्न सक्दैन। भोकाएको मानिसबाट पनि संस्कृतिका रक्षा हुन सक्दैन । हाल फोहरी काठमाडौं देखेर विदेशीहरू नेपालमा संस्कृति नै छैन भन्छन्। नेपालीहरू साह्रै अशिक्षित वर्गमा समावेश भएका छन्। यद्यपि नेपाललाई प्राकृतिक सौन्दर्य र धार्मिक परम्पराले धनी बनाएको छ । बुद्धको जन्मभूमि र सगरमाथाले नेपालको शीर जति ठाडो भएको छ, उत्तिकै फोहरको पहाडले नेपाल धेरै तल खसेको छ। अतः नेपालमा कस्तो प्रकारको शिक्षा दिइन्छ ? भन्ने प्रश्न खडा भएको छ। तर जबसम्म साँच्चैको शिक्षक वर्गको विद्यमान हुन्छ, तबसम्म संस्कृतिको भविष्य उज्ज्वल हुनेछ। ■

श्रीमतीको मैत्री चित्तले रोग निको भयो

चिन्ताबाट मुक्त व्यक्ति बिरलै होला । भगवान बुद्धले समय-समयमा भन्नुहुन्थ्यो दीर्घायु र निरोगी हुन चाहन्छौं भने चिन्ताबाट मुक्त हुनुपर्छ । अनावश्यक चिन्ता र पीर लिनुहुँदैन । आजकल मानिसहरूलाई अनेक कुराको पीर छ ।

मैले यहाँ लेख्न लागेको कुरा पीरबाट मुक्त हुन सके धेरै दिन बाँच्न सकिन्छ भन्ने बारे हो । बुद्धकालीन एक उपासकको घटना प्रस्तुत गर्न लागेको छु ।

एकदिन भगवान बुद्ध संुसुमार गिरी नामक नगरको नजिकै एउटा बस्तीमा बसिरहनुभएको थियो । भरखरै रोगबाट छुटेको नकुलपिता उपासक लौरो टेक्दै सकी-नसकी गौतम बुद्धसमक्ष गयो । उहाँ पुगेर शाक्यमुनि बुद्धलाई बन्दना गरेर एक छेउमा बस्यो ।

बुद्धले सोध्नुभयो- "अब त आराम भयो उपासक ?" नकुलपिताले भन्यो- भन्ते सञ्चो भयो तर अलि दुर्बल छु ।

बुद्धले भन्नुभयो- "बलियो नहुँदै पनि सकी-नसकी किन आउनुभएको त ?" नकुलपिताले भन्यो - भन्ते, तपाईकी उपासिका मेरी गृहलक्ष्मीले तपाईको उपदेशअनुसार मैत्रीचित्तले मनै हलुका हुने गरी एकदम नरम र मीठो बचनले मलाई सेवाटहल गरेर मेरो पीर र चिन्ता हटाइदिएकोले म मृत्युबाट बचें । बैद्यले निराश भएर औषधि गर्न छोडिसकेको मलाई उनले निको पारिदिएको कुरा तपाईको सामु पोख्न साह्रै उत्सुक भएकोले मात्रै सकी-नसकीकन यहाँ आएँ ।

गौतम बुद्धले सोध्नुभयो -"उपासक ! तपाईकी श्रमितीले कसरी सेवा गरिन् त तपाईको ?"

नकुलपिताले भन्यो - भन्ते, मलाई रोगले साह्रै च्याप्यो । शरीरको मासु र रगत सुके । शरीर कमजोर हुँदा मन पनि दुर्बल भयो । बाँच्ने आशा रहेन । मनको शक्ति हरायो । अनेक नचाहिँदो पीर चिन्ता बढ्न थाले । ठूला-ठूला वैद्यहरू बोलाइए । असल बहुमूल्य औषधिहरू ख्वाए उनीहरूले । तर ती औषधिले पनि मलाई छोएन । अनि वैद्यहरूले रोग निको हुँदैन, आशा नगरे पनि भयो भनेर मलाई छोडेर गए । यो कुरा सुनेदेखिन मेरो शीर झन झुक्यो । मन खल्लो भयो । बाँच्ने आशा रहेन भनेर निराश भएँ । अनि मरेपछि यो घरमा के हुने होला भनेर नाना प्रकार का नचाहिँदा पीरहरूले मलाई सताउन थाल्यो । फलस्वरूप झन्-झन् रोग बढ्यो । तर म त्यसरी सिकिस्त हुँदा पनि हजुरकी उपासिका अलिकति पनि निराश भइनन् । मन बलियो पारेर धैर्यपूर्वक झन् राम्रोसँग सेवा गरिन उनले । वैद्यले बाँच्दैन भनेको भनेर निराश भएर सेवाटहल गर्नमा कति पनि फरक गरिनन् । मलाई भरोसा दिएर, मन हलुका हुने कुरा गरेर साहस र धैर्य दिन थालिन् । तर मेरो मुख उज्यालो हुन सकेन । यो देखी मेरी श्रीमती नजिकै आएर मेरो कपालमा हात राखेर मैत्री चित्तले भनिन्- 'स्वामी, केही पीर लिनुभयो कि ? किन मुख अँध्यारो पार्नुभएको ? हामीलाई गौतम बुद्धले हामी सबैले एकदिन मर्नुपर्छ भनेर उपदेश दिनुभएको होइन ? मनमा कुनै प्रकारको पीर र चिन्ता राखेर

प्राण छोड्नु हुँदैन । तपाईले आफ्नो मनमा तपाईको मृत्यु हुने र मृत्युपछि घर बिग्रिन्छ होला आदि भनी नचाहिँदो पीर लिनुभएको जस्तो छ । त्यसैले तपाईलाई विश्वास दिलाउन चाहन्छु - म केटाकेटीहरूको राम्रो पालन-पोषण गरी घर थामेर बस्न सक्छु । तपाईले किन पीर मान्नुभएको ? रोग हुँदा यसरी पीर लिन हुँदैन । कुनै कुरामा पनि आशक्त भएर प्राण त्याग्नु हुँदैन । मन हलुका गरेर चिन्ताबाट मुक्त भएर बस्नुहोस् ।' यति कुरा सुनेपछि मेरो मन केही हलुका भयो । मुख पनि अलिकति उज्यालो भयो । फेरि अर्को कुरो सम्झें पीर पऱ्यो र चिन्ताग्रस्त भएँ । अनि मेरो मुख फेरि अँध्यारो भयो । फेरि हजुरकी उपासिकाले भनिन् - 'स्वामी, तपाईले फेरि पीर लिनुभयो कि ? तपाईको मृत्युपछि अरूसँग जाली कि आदि भनी तपाईले यस्तो कुरा मनमा लिनुभयो कि ? यस्तो कुरा मनमा राख्नु हुँदैन । तपाईलाई मेरो बानी राम्रैसँग थाहा छँदैछ । मलाई पनि तपाईको बानी राम्रोसँग थाहा छ । हाम्रो विवाह भएको यत्तिका वर्ष भइसक्यो । आजसम्म पनि हाम्रो सच्चरित्र र सत्यचर्याशील नष्ट भएको छैन । हामीमध्ये कसैबाट पनि आजसम्म झगडा हुने काम भएको छैन । यसबारेमा तपाईले कत्ति पनि पीर नलिनुस् । यसरी अस्वस्थ भइरहँदा त्यस्तो अनावश्यक 'कल्पना गरेर चिन्तित भएर मर्नुलाई भगवान बुद्धले प्रशंसा गर्नुभएको छैन । धैर्य गर्नुस् । मन बलियो पार्नुहोस्, चिन्ता लिनुपर्दैन । मेरी श्रीमतीको यस्तो सत्य र प्रेमपूर्ण बचनले भरिएको कुरा सुनेर मेरो मन हलुका हुँदैगयो । अनि स्वतः मुख उज्यालो हुनु पनि स्वाभाविकै

हो । तर एकछिनपछि फेरि मलाई अर्को पीर पर्‍यो । अनि शरीर पनि गार्‍हुंगो भयो, मेरो मुखमा मलिनता छायो क्यारे, अनि तपाईकी उपासिकाले फेरि भनिन् 'स्वामी ! किन फेरि मुख अँध्यारो पारेको ? कतै म मरेपछि यिनीले गौतम बुद्धकहाँ गएर धर्म उपदेश सुनेर, भिक्षु संघलाई बन्दना गरेर मानमर्यदा राखेर सत्कार गर्दिन होला भनेर त मनमा लिनु भएन ? तर यस्तो तपाईले न सोच्नु होला । तपाई यो संसार छोडेर जानु नै भयो भने पनि यता-उता हिँडिरहनुपर्ने गृहस्थीको कतिपय काम छोड्नेछु र अहिले भन्दा पनि बढी म बिहारमा बस्न सक्नेछु । भगवान् बुद्धको दर्शन गरेर उपदेशामृत पान गरेर धर्मअनुसार जीवन यापन गर्नेछु । तपाईले अनावश्यक पीर लिएर चिन्ताग्रस्त मनले मर्ने विचार नगर्नु होला । यसरी दु:खी चित्तले मर्नुलाई बुद्धले प्रशंसा गर्नु हुन्न भन्ने तपाईलाई थाहै छ । मर्ने बेलामा मन कुनै कुरामा पनि अल्झिरहनु हुँदैन । भगवान बुद्धका जति पनि शुद्धजीवी उपासिकाहरू छन् आध्यात्मिक शक्तिहरूका साथ मन बलियो तुल्याई बसिरहेका छन् । तिनीहरूमध्ये म पनि एक हुँ । पत्यार नलागे चाँडै स्वास्थ्य लाभ भई बुद्धकहाँ सोध्न जानुहोस् । पीर न लिनु होस् ।"

यसरी तपाईकी उपासिकाको प्रेमपूर्ण सत्यवचन सुनेर मेरो शरीर र मन दुबै हुलका भयो । वैद्यहरूको असल र किमती औषधिहरूले मलाई नछोए पनि तपाईकी उपासिकाको सत्यवचनरूपी किमती औषधिले मेरो रोग निको पार्‍यो । तपाईसमक्ष यो कुरा जाहेर गर्न उत्सुक भएकोले

शरीरमा बल नभएता पनि लट्ठी टेकेर हजुरको दर्शन गर्न आएको छु ।

ती कुरा सुनिसकेपछि गौतम बुद्धले भन्नुभयो 'नकुलपिता उपासक, तपाई भाग्यमानी पुरुष हुनुहुन्छ । तपाईको पुण्य बलियो छ । नकुलमाता जस्ती उपासिका, सुलक्षणले युक्त, दया र करुणाले सम्पन्न, आफ्नो पतिको हितसुखको लागि चाहे जति प्रयत्न गर्न सक्ने ज्ञानवती, आज्ञाकारी र इमान्दारी पत्नी पाउनुभएको छ । यस्ती गुणवती सिलवती पत्नीको साथमा जीवन निर्वाह गर्न पाउनु कम पुण्यको फल होइन । तपाईले कुनै कुराको पनि पीर लिनुपर्दैन । तपाईकी श्रीमती साँच्चिकै राम्री स्वभावकी, धर्मको तथ्य बुझेकी, कर्तव्य पालन गर्ने भित्री दिलदेखि नै मैत्री चित्त भएकी गृहलक्ष्मी छन् । अत्युत्तम नारीत्व पाउनुभएकोमा सन्तोषी हुनुहोस् । (लक्ष्मी-धम्मवती)

शाक्यमुनि बुद्धबाट आफ्नी पत्नीको प्रशंसा सुनेर नकुलपिता खुशी हुँदै घर फर्के । प्रस्तुत बुद्धकालीन घटनाबाट पीर र चिन्ताबाट टाढा हुन सकेमा दीर्घायु हुन सक्छ र मृत्युबाट पनि केही वर्षको लागि मुक्त हुन सकिंदो रहेछ भन्ने प्रमाणलाई बुझ्न सकिन्छ । ■

उत्तम मानिस बन्ने गुण

बुद्धले दिनुभएको ज्ञानको मुख्य सारांश दुःखबाट मुक्त हुनु हो, अर्थात् निर्वाण प्राप्त गर्नु हो । त्यसको लागि बुद्धको शिक्षा राम्रोसँग अध्ययन गर्नुपर्ने र अध्ययन गरेअनुसार आचरण पनि राम्रो पार्नु जरुरी छ । तृष्णा, लोभ र प्रसंशाको आशा गर्नु हुन्न । यस अर्थमा बुद्धमार्गीहरूले धर्मकर्म गर्दा, समाजसेवा गर्दा, लाभ, सत्कार, कीर्ति प्रशंसाको आशा गर्न हुन्न । त्यसरी आशा गरेर धर्मकर्म र समाज सेवा गरेको खण्डमा पैसा सापटी दिएर ब्याज लिएजस्तै हुन्छ । बुद्धमार्गीहरूले समाज सेवा र धर्मकर्म गर्दाखेरि निस्वार्थ भावनाले गर्छन् । राम्रो काम गर्दाखेरि अवश्य पनि उसको यश र कीर्ति फैलिन्छ र प्रशंसा हुन्छ । हुनु पनि पर्छ । यो स्वाभाविक पनि हो । सेवा गरेर मेवा खानु हुन्छ । मेवा खानको लागि सेवा गर्नु मात्र ठीक हुँदैन । उपरोक्त कुरा साधारण मानिसलाई पच्ने खालको कुरा होइन ।

गौतम बुद्धले धेरैजसो निर्वाणको कुरा गर्नु भएन । उहाँको उपदेश साधारण गृहस्थीहरूको जीवन सफल र उन्नति हुने खालको अर्थात् उहाँ उच्च मानिस बन्नुपर्ने शिक्षा दिनुहुन्थ्यो ।

गौतम बुद्धले उत्तम र शुद्ध मानिस बन्नको लागि सात गुण (धर्म) हुनुपर्ने कुरा बताउनुभएको छ ।

१. उत्साही बन्नु अर्थात् अल्छी नबन्नु -उट्ठानवतो)

२. होशियार बन्नु (सतिमतो)

३. निर्दोषपूर्वक काम गर्नु (सुचिकम्म)
४. दूरदर्शी बन्नु (निसम्मकारी)
५. संयमित, अनुशासित बन्नु (सञ्ञतो)
६. धार्मिक जीवन (धम्मजीवनो)
७. अप्रमादी बन्नु, अर्थात् बेहोशी नबन्नु (अप्पमत्तो)

१. उत्साही हुनु :- यो उच्च मानिस बन्नको लागि चाहिने पहिलो गुण हो। अर्थात् शुरु गरिसकेको काम पूरा नहुँदै बीचमा नछाड्नु, हतोत्साही नहुनु। आफ्नो काममा निरन्तरता दिनु। उदाहरणको लागि भनुँ भने किसानहरूले शुरु गरेको खेतीको काम, धान रोपिसकेपछि अन्तिमसम्म अल्छी नमानी धान घर नभित्र्याएसम्म निरन्तररुपमा काम गर्दै जानु। त्यस्तै ब्यापारी जीवनमा, विद्यार्थी जीवनमा पनि परीक्षा उत्तिर्ण नभएसम्म उत्साह र प्रयत्न गर्दै जानुपर्छ। साथै जागिरको जीवनमा पनि निरन्तरता हुनु आवश्यक छ।

मलाई सम्भना छ- श्रीलंकाका एकजना भिक्षु एस.एल.सी जाँचमा ६ पटकसम्म उत्तीर्ण हुन असमर्थ भएपनि हतोत्साही नबनी सातौ. पटकको जाँचमा बल्ल उत्तिर्ण भए र आइ. ए. मा पनि पाँच पटकसम्म फेल भए र छैठौं पटक मात्र पास भए। हतोत्साही नभएकाले उहाँले फल पाउनुभयो।

२. होशियारी हुनु, अर्थात् सतर्क हुनु :- यो दोस्रो गुण धर्म हो। धेरै मानिसमा जागरण भए पनि जाँगर देखिँदैन। मतलब होश भए पनि नराम्रो कामबाट अलग हुन नसक्ने हुन्छन्। कोही नभएको ठाउँमा आफूसँग होश भए पनि जानाजानी गलत काम गर्न पुग्छन्। लाज शर्म हुँदैन। त्यसैले

गौतम बुद्धले भन्नुभएको छ- 'सतिंचख्वाहं भिक्खवे सब्बत्थिकं वदामि' अर्थात् सबै कामको सफलताको लागि स्मृति (जागरण, होशियारी) ले काम दिन्छ। बुद्धले भन्नुभएको छ- 'सति सम्पजञ्ञ' होशको साथै जानकारी, जागरुक हुनुपर्‍यो । सतर्क र सचेत हुनु जरुरी छ । यसले वर्तमान समयमा आफूलाई पनि अरूलाई पनि पछिसम्म काम लाग्छ । बुद्धले यहाँसम्म होश राख्नु पर्छ भन्नुभएको छ - बाटोमा हिंड्दा, खाना खाँदा, बसिरहेको बेला म हिंड्दैछु, बसिरहेको छु, खाना खाँदैछु भनेर होश राख्नुपर्छ, पिसाव फेर्दा पिसाव फेर्दैछु, दिशा गर्दा दिशा गर्दैछु भन्ने याद राख्नुपर्छ । चर्पीमा दिसा पीसाव गर्दा होश भएन भने जथाभावी फोहर हुने गर्दछ ।

भित्तामा र अन्तै पिसाव फेर्न थाल्दछ । पानीले सफा गर्दैन । जसले गर्दा चर्पी साह्रै गन्हाउन थाल्छ । यसले गर्दा कपाल दुख्ने रोग हुन्छ । खाना पकाउँदा होश भएन भने नुन हाल्न बिर्सिन्छ, दुई चोटी नुन पर्नसक्छ र नुनै हाल्न पनि बिर्सिन्छ । बाटोमा हिंड्दा होश पुगेन भने फोहरमा, खाल्डोमा पर्न सकिन्छ । कुरा गर्दाखेरि बढी कुरा हुनसक्छ । आँखाले हेर्दाखेरि कहाँ दृष्टि परेछ, यस कुरातिर ध्यान र होश जानु आवश्यक छ । यो बुद्धको शिक्षा सबैलाई, सबै ठाउँमा काम लाग्छ ।

३. निर्दोष काम गर्नु :- यो उच्चस्तरीय मानिस बन्नको लागि चाहिने गुण हो । शरीर र वचनले गर्ने नराम्रा कामबाट अलग हुनु राम्रो हुन्छ । शरीरले तीवटा पाप कर्म गर्न सक्छ,

हिंसा, चोरी र बलात्कार। आजभोलि ६० वर्षका बुढोले पनि ७/८ बर्षका बालिकामाथि बलात्कार गरेको सुन्न पाउँछौं। बलात्कार गरिसकेपछि हत्या पनि गर्छन्। भ्रष्टाचार र दिन दहाडै लुट्ने काम पनि बढिरहेछ। शरीरले गर्ने त्यस्ता पापबाट मुक्त हुनु राम्रो हुन्छ।

बचनबाट चारवटा पाप कर्म हुन्छ- झुठो कुरा गर्नु, चुक्लि गर्नु, कडा बोली बोल्नु, गफ्फी बन्नु। यस्ता चार पाप कर्मबाट बच्न सके निर्दोष काम गर्न सकिन्छ। आर्य अष्टांगिक मार्गमा सम्यककर्मान्त भनिएको यही नै हो। इमान्दार हुनसके निर्दोष काम गरेर जीविका गर्न सकिन्छ।

४. दूरदर्शीता हुनु :- उच्च मानिस बन्नको लागि आवश्यक गुण दूरदर्शीता पनि हो। कुनै काम गर्न लाग्दा पहिले गर्न लागेको कामको फाइदा र बेफाइदा, राम्रो वा नराम्रो हुनेबारे ठीक विचार पुऱ्याई काम शुरु गर्नुपर्छ। अन्यथा पछि पश्चाताप हुन सक्छ। विवेक बुद्धि पुऱ्याएर काम गर्न सके धनको दुरुपयोग हुँदैन। अदूरदर्शीताको कारणले सरकारी योजना धेरे असफल भइरहेको छ। एकतर्फी ट्राफिक योजना धेरै असफल र फलदायी हुन सकेको छैन। ठीक तरिकाबाट योजना तर्जुमा गर्न नसकेकोले नै फलदायी हुन नसकेको हो। दूरदर्शी ज्ञानको अभाव देखिन्छ जहाँ पनि। यस्ता ज्ञान पाठशालादेखि अभ्यास गराउनु पर्ने देखिन्छ। यस्ता व्यवहारिक र ब्यावसायिक ज्ञान स्कूलमा दिनसके बेरोजगारी समस्या नहुने हो कि।

५. संयमित र अनुशासित हुनु :- यो मानिसको मूल्य बढ्ने पाँचौं गुण हो। माथिका सबै गुण भएपनि यदि उसमा

संयमित र अनुशासित भइरहने गुण रहेन भने त्यो व्यक्तिको महत्व र मूल्य नै हुँदैन । अनुशासनहीन र असंयमित व्यक्ति समाजलाई बाधा र अप्ठ्यारो हुनेछ । बालककालदेखि संयमित र अनुशासित भइरहने अभ्यास हुनु जरुरी छ । त्यस्तै ठूलावडा मानिसबाट नै बालबालिकाले आदर्श शिक्षा लिन्छन् । आजभोलि सबै क्षेत्रमा अनुशासनको कमी देखिन्छ ।

६. धार्मिक जीवन :- छैठों गुण धर्म जुन कि मानिसलाई शुद्ध मानिस बनाउन आवश्यक तत्व हो । अधार्मिक जीवन कसैलाई मन पर्दैन । धार्मिक जीवनले प्रव्रजित (त्यागी) र गृहस्थी दुवै पक्षलाई हित र भलो हुनेछ ।

धार्मिक जीवनमा छलकपटी, बेइमानी, घूस खाने बानी बिलकुल हुनु हुँदैन । आडम्बरी, देखावटी र ढोंगीपन हुनु हुँदैन । बिलकुल निस्वार्थी र सेवाभाव हुनु नै धार्मिक जीवनको लक्षण हो । स्वच्छ जीवन नै धार्मिक जीवन हो । यस्तो हुन सके मात्र उच्च स्थानमा पुगिने छ ।

७. अप्रमादी हुनु :- यो मानिसलाई उच्चस्थानमा पुऱ्याउने सातौं गुण हो र सचेत, सजग सबैलाई काम लाग्ने कुरो हो । गौतम बुद्धको अन्तिम बचन भनु वा शिक्षा अप्पमादेन सम्पादेथ अर्थात् सबै सतर्क र होशियारी भइरहनु, अल्छी नबन्नु हो । गौतम बुद्धले निरन्तर भिक्षुहरूलाई अर्ति दिइरहनु हुने शिक्षा हो- अप्रमादी भइरहनु । प्रमादी भएको खण्डमा जीवित भए पनि मरेको बराबर छ । अप्रमादी मानिस मरे पनि बाँचेको बराबर हुन्छ ।

उपयुक्त बुद्धको सार्वजनिक शिक्षा सबैको लागि काम लाग्ने शिक्षा हो। यसमा कुनै पनि साम्प्रदायिक भावनाको रंग छैन । पूर्वाग्रहको अभाव छ । केवल बहुजन हिताय, बहुजन सुखायको शिक्षा हो यो । मानवलाई शुद्ध मानव बनाउने शिक्षा हो ।

उट्ठानवतो सतिमतो सुचकम्मस्स निसकम्मकारिनो सञ्ञतस्स च धम्मजीविनो अप्पमस्स यसोभि वड्ढति

उत्साहीको, होशियारको, निर्दोष काम गर्नेको, राम्रोसँग दिलैदेखि विचार गरेर काम गर्नेको, संयमीको, धार्मिक जीवन बिताउनेको र अप्रमादीको सधैं यशकीर्ति उन्नति हुन्छ । ■

"भवतु सब्ब मंगलं"

9756

9756

धर्मकीर्ति प्रकाशन
(नेपाल भाषा)

१. महासतिपट्ठान सूत्र
२. वुद्धया झिंनिगु विपाक
३. अभिधर्म (भाग-१)
४. ऋद्धि प्रातिहार्य
५. वासेट्ठी थेरी
६. य:म्ह म्हचाय्
७. पञ्चनीवरण
८. भावना
९. एकताया ता:चा
१०. प्रेमं छु ज्वी
११. त्रिरत्न गुण स्मरण
१२. वुद्ध पुजा विधि (प्र.सं.)
१३. मैत्री भावना
१४. कर्तव्य (प्र.सं.)
१५. मिखा
१६. परित्राण
१७. हृदय परिवर्तन
१८. बुद्धया अन्तिम यात्रा (भाग-१)
१९. बुद्धया अन्तिम यात्रा (भाग-२)
२०. कर्म
२१. वाखं (भाग-१)
२२. वौद्ध ध्यान (भाग-१)
२३. वोधिसत्व
२४. शाक्यमुनि बुद्ध
२५. अनत्तलक्खण सुत्त
२६. मत्ति भिंसा गति भिनि
२७. अहिंसाया विजय
२८. वाखं (भाग-३)
२९. महास्वप्न जातक (प्र.सं.)
३०. लक्ष्मी ग्यो
३१. अभिधर्म (भाग-२)
३२. वाखंया फल (भाग-१)
३३. बाखंया फल (भाग-२)
३४. क्षान्ति व मैत्री
३५. प्रार्थना संग्रह
३६. वाखं (भाग-२) (द्वि.सं.)
३७. प्रौढ वौद्ध कक्षा
३८. मूर्खम्ह पासा मज्यू
३९. बुद्धया अर्थनीति
४०. श्रमण नारद
४१. उखानया वाखं पुच:
४२. पालिभाषा अवतरण (भाग-१)
४३. न्हापांयाम्ह गुरु सु ? (द्वि.सं.)
४४. पालि प्रवेश (भाग-१)
४५. पालि प्रवेश (भाग-२)
४६. चमत्कार
४७. वाखं (भाग-४)
४८. राहुल यात उपदेश
४९. अभिधर्म
(चित्तकाण्ड छगुया संक्षिप्त परिचय)
५०. मणिचूड जातक
५१. महाजनक जातक
५२. गृही विनय (तृ.सं.)
५३. चरित्र पुच: (भाग-१)
५४. वौद्ध ध्यान (भाग-२)
५५. शान्तिया त्वाथ:
५६. वुद्ध व शिक्षा (ख)
५७. विश्व धर्म प्रचार देशना (भाग-२)
५८. जातक माला (भाग-१)
५९. त्रिरत्न वन्दना व सूत्र पुच:
६०. चरित्र पुच: (भाग-२)
६१. त्रिरत्न वन्दना व पञ्चशीलया फलाफल
६२. लुम्बिनी विपस्सना
६३. विश्व धर्म प्रचार देशना (भाग-१)
६४. योगीया चिट्ठी
६५. संक्षिप्त वुद्ध जीवनी
६६. वुद्ध धर्म
६७. जातक वाखं

६८. जातक माला (भाग-२)
६९. सर्वज्ञ (भाग-१)
७०. पालि प्रवेश (भाग-१,२)
७१. किशा गौतमी
७२. जप पाठ व ध्यान
७३. तेमिय जातक
७४. त्रिरत्न गुण लुमंके ज्ञानया मिखा चायेके (प्र.सं.)
७५. धम्मपद (श्लोकवद्ध)
७६. वाखँ (भाग-५)
७७. सप्तरत्न धन
७८. सर्वज्ञ (भाग-२)
७९. दान
८०. वम्मिक सुत्त
८१. मध्यम मार्ग
८२. महासिहनाद सुत्त
८३. भिंम्ह काय् व म्हचाय्
८४. भिक्षु जीवन
८५. समथं व विपश्यना संक्षिप्त भावना विधि
८६. महानारद जातक
८७. भिंम्ह मचा
८८. विवेक बुद्धि
८९. झंग लाइम्ह लाखे
९०. बुद्धपूजा विधि (द्वि.सं.)
९१. स्वास्थ्य लाभ
९२. शिक्षा (भाग-१)
९३. शिक्षा (भाग-२)
९४. दृष्टि व तृष्णा
९५. विपश्यना ध्यान
९६. सतिपट्ठान भावना
९७. वाखँ (भाग-६)
९८. धम्मचक्कप्पवत्तन सुत्तं (द्वि.सं.)
९९. गौतम बुद्ध
१००. नेपालय् २५ दँ जिगु लुमन्ति
१०१. बुद्ध व शिक्षा (क)
१०२. शिक्षा (भाग-३)
१०३. शिक्षा (भाग-४)
१०४. महा स्वप्न जातक (द्वि.सं.)
१०५. धम्मपद व्याख्या (भाग-१)
१०६. धम्मपदया बाखँ
१०७. अभिधर्म (भाग-२) (द्वि.सं.)
१०८. संसारया स्वापू
१०९. धम्मपद (मुल पालि सहित नेपाल भाषाय् अनुवाद) (पाँ.सं.)
११०. आदर्श बौद्ध महिलापिं
१११. वौद्ध नैतिक शिक्षा (भाग-१)
११२. वेस्सन्तर जातक
११३. निर्वाण (रचना संग्रह)
११४. त्रिरत्न गुण लुमंके ज्ञानया मिखा चायेके (द्वि.सं.)
११५. पालिभाषा अवतरण (भाग-२)
११६. दीर्घायु ज्वीमा
११७. न्ह्यागु त्रिरत्न वन्दना व धम्मपद
११८. मनूतय्गु पह:
११९. संस्कृति
१२०. कर्तव्य (द्वि.सं.)
१२१. विशेष म्ह मफैवले पाठ यायेगु परित्राण
१२२. बुद्धया करूणा व ब्रह्मदण्ड
१२३. विरकुशया बाखँ
१२४. त्रिरत्न वन्दना व परित्राण
१२५. धम्मचक्कप्पवत्तन सुत्त (द्वि.सं.)
१२६. पट्ठानपालि
१२७. कर्म व कर्मफल
१२८. शिक्षा (भाग-५)
१२९. धर्मया ज्ञान (भाग-२)
१३०. बौद्ध ध्यान
१३१. संक्षिप्त बुद्ध वंश (भाग-१)
१३२. संक्षिप्त बुद्ध वंश (भाग-२)
१३३. अभिधर्म द्वि.सं. (भाग-२)
१३४. अभिधर्म पालि
१३५. न्हापांयाम्ह गुरु सु ? (द्वि.सं.)
१३६. अनन्तलक्खण सूत्त (द्वि.सं.)
१३७. बुद्धपूजा, धम्मपद व ज्ञानमाला (प्र.सं.)
१३८. त्रिरत्न वन्दना व परित्राण (द्वि.सं.)
१३९. धम्मचक्कप्पवत्तन सुत्त

मुद्रक : न्यू नेपाल प्रेस, फोन: २५९०३२, ४३४८५०